का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ असार २०८१,
आइतबार
7 July 2024,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १४५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# देशभर बाढी, पहिरो र डुबान

मनसुन सक्रिय हुँदा शुक्रबार रातिदेखि देशभर अविरल वर्षा भइरहेको छ । वर्षाका कारण बाढी, पहिरो र डुबान हुँदा जनजीवन नराम्रोसँग प्रभावित बनेको छ ।



विपद् पूर्वतयारी योजना, निर्देशिका र कार्यविधिलाई व्यवहारमा उतार्ने समय आएको छ । हरेक व्यक्तिको ज्यान जाँदा राज्यको एक सदस्य गुमाउनुपरेको अनुभूति लिएर काम गर्नुपर्ने हुन्छ ।

**रवि लामिछाने**
**उपप्रधान एवम् गृहमन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ असार ।

शुक्रबारदेखि वर्षाले देशभरको जनजीवन प्रभावित बनेको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार देशका अधिकांश ठाउँमा शुक्रबार रातिबाट भारी बर्षा भइरहेको छ ।

गृह मन्त्रालयको राष्ट्रिय आपतकालीन संचालन केन्द्रका अनुसार शुक्रबार र शनिबारको वर्षाका कारण अर्बौंको क्षति भएको छ । कैयौं ठाउँमा घर, पूर्वाधार तथा राजमार्गहरूमा क्षति भएको छ ।

काठमाडौंको नागार्जुन नगरपालिका ३ मा ट्रिपिकल रेस्टुरेन्टको किचेन कोठामा माथिबाट पहिरो आई पुरिँदा २२ वर्षका मनोज विक घाइते भएका थिए । मनमोहन अस्पतालमा उपचारका क्रममा उनको निधन भएको हो । स्याङ्जाको बिरुवा



गाउँपालिकामा पहिरोले घर पुरिँदा दुई जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता छन् ।

पहिरोमा परी बिरुवा ६ माझकोटकी ६५ वर्षीया गुहेश्वरी शर्मा मरासिनी र ६७ वषीया हरिमाया शर्माको ज्यान गएको हो । माझकोटकै ७१ वर्षीय माधव शर्मा बेपत्ता छन् । पर्वतमा पहिरोले दुई जना पुरिएका छन् । फलेवास नगरपालिका-१ कार्कीनेटामा पहिरो जाँदा दुई जना बेपत्ता छन् ।

दोलखाको गौरीशंकर गाउँपालिकामा बाढीले बर्ष ६३ की जाङ्मु शेर्पालाई बेपत्ता बनाएको छ । दाङको राजपुर गाउँपालिका-२ का राजकुमार यादव राप्ती नदी पार गर्ने क्रममा नदीले बगाउँदा बेपत्ता भएका छन् । गुल्मीको रुरु क्षेत्र गाउँपालिका ३ मा पहिरोले घर पुर्दा ४५ वर्षकी पृष्ठ २ मा

## कांग्रेसको निष्कर्ष

# ‘ओली ७६(२) कै प्रधानमन्त्री’





नयाँ सरकार ७६(२) कै बन्छ । साथमा अब मुलुकमा राजनीतिक स्थिरता पनि कायम हुन सक्छ । यसकै लागि दुई ठूला दल मिलेर सरकार बनाउन लागिएको हो ।

**रमेश लेखक**
प्रमुख सचेतक, कांग्रेस

**शिव विक/मध्यान्ह**
काठमाडौं, २२ असार ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले यही असार २८ गते प्रतिनिधि सभामा विश्वासको मत लिने भएका छन् । उनको नेतृत्वको सरकारको विकल्पमा नयाँ सरकार बनाउने गरी संघीय संसदको सबैभन्दा ठूला दुई दल नेपाली कांग्रेस र नेकपा एमालेले आपसमा सहमति गरेका छन् ।

यो पृष्ठभूमिमा शनिवार बसेको नेपाली कांग्रेसको संसदीय दलको बैठकले एमालेसँग भएको सहमति अनुमोदन गरेको छ । सहमति अनुसार पहिलो चरणमा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्नेछन् ।

तर, दुई वा दुई भन्दा बढी दलको सरकार बन्ने संविधानको धारा ७६(२) अनुसारका प्रधानमन्त्री पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

# किन मागिँदै छ फ्रि भिसा, फ्रि टिकटको विवरण ?

मन्त्रालयले गत वर्ष नै फ्रि भिसा र टिकटको प्रभावकारिताबारे अध्ययन गर्न एउटा कार्यदल गठन गरेको थियो । तर कोरिया पठाउँदा झण्डै २ लाख रुपैयाँ र इजरायल पठाउँदा डेढ लाख रुपैयाँ लिने सरकारले व्यवसायीहरुलाई शून्य लागत नभएको अवस्थामा १० हजार रुपैयाँमा मात्रै लिएर पठाउन भनिरहेको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार

वैदेशिक रोजगार विभागले म्यानपावर व्यवसायीहरुसँग फ्रि भिसा, फ्रि टिकटमा कामदार पठाएको विवरण माग गरेपछि करिब दश वर्ष पुरानो उक्त नीतिका बारेमा पुन: चासो बढेको छ । विभागले गत हप्ता म्यानपावर कम्पनीहरुलाई चालु आर्थिक वर्षमा फ्रि भिसा, फ्रि टिकटमा पठाएका कामदारको विवरण माग गरेको हो ।

विभागले म्यानपावर कम्पनीहरुलाई फ्रि भिसा, फ्रि टिकटअन्तर्गत पठाएको श्रम गन्तव्य मुलुक, रोजगारदाता कम्पनीको संस्था, कामदारको नाम, उनीहरुको नेपालको सम्पर्क नम्बर, काम, तलबलगायतका विवरण पठाउन भनेको छ । अघिल्ला वर्षहरुमा १६ देखि १८ हजार नेपालीहरु फ्रि भिसा फ्रि टिकटमा वैदेशिक रोजगारमा गएको आंकलन छ । विभागले व्यवसायीलाई विवरण पठाउन भदौ १ गतेसम्मको समयसीमा तोकेको छ । व्यवसायीले इमानदारीपूर्वक विवरण पठाएको अवस्थामा फ्रि भिसा, फ्रि टिकटको पछिल्लो चित्र स्पष्ट हुनेछ ।

फ्रि भिसा, फ्रि टिकटको डिमाण्डमा कामदार पठाएको भएपनि कतिपय म्यानपावर कम्पनीले एजेन्ट र बिचौलिया परिचालन गरेर विगतमा जस्तै ठूलो रकम लिएको आशंका वैदेशिक रोजगार विभाग र मन्त्रालयको नेतृत्वले गरेको छ । यस्तो अवस्थामा फ्रि भिसा, फ्रि टिकटमा गएका कामदारको विवरण माग गरेर फ्रि भिसा, फ्रि टिकटमा कामदार पठाएका म्यानपावर कम्पनीलाई अप्ठ्यारो पार्न खोजेको कतिपयले टिप्पणी गरेका छन् ।

तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङको कार्यकालमा २०७२ सालमा फ्रि भिसा, फ्रि टिकटको व्यवस्था आएको हो । वैदेशिक रोजगार व्यवसायी संघले उक्त निर्णयमा केबल ४ प्रतिशत मात्रै नेपाली कामदार गएको र केही कामदार उक्त निर्णय आउनु अगाडिदेखि नै फ्रि भिसा फ्रि टिकटमा गएकाले बिना अध्ययन अनुसन्धान सस्तो लोकप्रियताका लागि आएको निर्णय भनि विरोध गर्दै आएका छन् ।

मन्त्रालयले उक्त निर्णयलाई न कडाइका साथ लागू गर्न सकेको छ न त हटाउन नै सकेको अवस्था छ । यस्तो अवस्थामा विभागमार्फत माग गरिएको विवरणको औचित्य के ? भन्ने प्रश्न धेरै व्यवसायीले उठाउने गरेका छन् ।

यसअघि तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीको कार्यकालमा शून्य लागतमा कामदार लैजाने डिमाण्ड नआएको अवस्थामा कामदारले पाउने एक महिनाको तलब बराबरको रकम शुल्क लिएर पठाउने पृष्ठ २ मा

# प्रतिनिधि फर्काएर विधिको छलफल !

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २२ असार ।

दशौं राष्ट्रिय महाधिवेशनपछि नेकपा एकीकृत समाजवादीको पहिलो केन्द्रीय कमिटी बैठक शनिबार बसेको छ । १६ असारदेखि पाँच दिनसम्म प्रज्ञाभवन कमलादीमा चलेको महाधिवेशनपछि एकीकृत समाजवादीले ९३ सदस्यीय केन्द्रीय कमिटी बनाएको छ ।

यसअघि पोलिट्ब्यूरो सदस्य रहेका नेताहरुलाई केन्द्रीय कमिटी सदस्य बनाउने एकीकृत समाजवादीको सचिवालय बैठकले निर्णय गरेको थियो । त्यसैअनुसार बनेको केन्द्रीय कमिटीको शनिबार बैठक बसेको थियो ।

बैठकले बाँकी पदाधिकारी चयन र केन्द्रीय कमिटीलाई पूर्णता दिनेबारे छलफल गरेको छ । प्रवक्ता जगनाथ खतिवडाका अनुसार, केन्द्रीय कमिटीले पूर्णता पाएपछि पदाधिकारी चयन गरिनेछ ।

‘केन्द्रीय सदस्य चयनमा पनि मापदण्ड बनाउने कुरा भएको छ । अब एउटा मापदण्ड बनाएर केन्द्रीय सदस्य चयन हुनेछन्’, खतिवडाले भने । महाधिवेशन अगाडि बसेको एकीकृत समाजवादीको सचिवालय बैठकले २१ सदस्यीय पदाधिकारी सहित २९९ सदस्यीय केन्द्रीय कमिटी बनाउने निर्णय गरेको थियो ।

यो संख्या बमोजिमको कमिटी महाधिवेशन प्रतिनिधिहरुले चयन गर्ने एकीकृत समाजवादीको निर्णय थियो । जसका लागि १८ सय बढी प्रतिनिधि चयन भएका थिए । ७० प्रतिशत भूगोलबाट र बाँकी गैरभौगोलिक कमिटीबाट प्रतिनिधि आएका थिए ।

तर महाधिवेशनले यी प्रतिनिधिहरुको मत उपयोग गरेन । बरु तीन जना नेताको पद सुरक्षित गरेर महाविधेशन प्रतिनिधिहरुलाई घर पठाइयो । महाधिवेशनको बन्दसत्र हलमा माधवकुमार नेपाल अध्यक्ष, झलनाथ खनाल सम्मानित नेता र घनश्याम भूसाल महासचिव पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२३ असार २०८१, आइतबार
7 July 2024, Sunday

# पहिरोको जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानान्तरण गर्न निर्देशन

**काठमाडौं/मस**–उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले लगातारको वर्षाबाट उत्पन्न हुनसक्ने विपद्को जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा तत्काल स्थानान्तरणको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।

गृह मन्त्रालयमा भएको आपत्कालीन बैठकमा उनले विपद्का घटनालाई तुरुन्त सम्बोधन गर्न र सतर्कताका राज्यको जिम्मेवारी पूरा गर्न सम्बन्धित उच्चाधिकारी र सुरक्षा निकायका प्रमुखलाई निर्देशन दिए । बैठकमा सुरक्षा निकायले हालसम्मको वस्तुस्थितिका बारेमा जानकारी गराएका थिए ।



उपप्रधानमन्त्री लामिछानेले 'कमाण्ड पोष्ट' र सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई विपद्बाट जनधनको क्षति हुन नदिन र खाद्यान्न, लत्ताकपडालगायत सामग्रीको अभाव हुन नदिन आग्रह गरे ।

'हामीले सिंहदरबारमा बसेर क्षतिको विवरणबारे आमनागरिकलाई सूचना दिएर हाम्रो दायित्व पूरा हुँदैन । क्षति कम गर्न र उद्धारलगायत काममा हामीले कसरी काम गरेका छौं भन्ने विषय महत्वपूर्ण हुन्छ', गृहमन्त्री लामिछानेले भने,'हामीले बनाएका विपद् पूर्वतयारी योजना, निर्देशिका र कार्यविधिका कागजलाई व्यवहारमा उतार्ने समय आएको छ । हामीले हरेक व्यक्तिको ज्यान जाँदाको राज्यको एक सदस्य गुमाउनुपरेको अनुभूति लिएर काम गर्नुपर्ने हुन्छ ।'उनले पूर्वतयारीको योजनालाई कार्यान्वयनमा सघाउन राजनीतिक दल, सम्बन्धित निकाय र पक्षलाई आग्रह गरिसकेको जानकारी दिए ।

बैठकमा गृहसचिव एकनारायण अर्याल, नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल तथा नेपाली सेनाका उच्च अधिकारीलगायत उपस्थिति थियो ।

# मधेश प्रदेशका मुख्यमन्त्रीले पाए विश्वासको मत

**धनुषा/मस**–मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले विश्वासको मत प्राप्त पाएका छन् । उनले ६७ मत पाएका छन् । विपक्षमा ३४ मत खसेको थियो । प्रदेशसभामा उपस्थित एकसय एक जना सदस्यले मतदान गरेका थिए ।



मुख्यमन्त्री सिंहका पक्षमा जनमत, नेपाल कम्युनिष्ट पार्टी एमाले, नेपाली कांग्रेस, लोसपा, नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्यले मतदान गरेका थिए भने जनता समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल संघीय समाजवादी पार्टीका सांसदले विपक्षमा मतदान गरेका थिए ।

यसैबीच शनिबार नै मुख्यमन्त्री सिंहले ६ जना मन्त्रीलाई पदमुक्त गरेका थिए ।

मन्त्रीहरुसँग राजीनामा माग गरिएको तर उनीहरूले राजीनामा नदिएपछि बर्खास्त गरेका हुन् ।

मुख्यमन्त्री सिंहले नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका मन्त्रीलाई बर्खास्त गरेका हुन् ।

# लगातारको वर्षाका कारण अर्घाखाँचीका ग्रामीण सडकहरु अस्तव्यस्त

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २२ असार

निरन्तरको वर्षातका कारण अर्घाखाँचीका ग्रामीण सडकहरु अस्तव्यस्त बनेका छन् । जिल्लाका झण्डै २ दर्जन ग्रामीण सडक निर्माणधिन अवस्थामा छन् । ति सडकहरु विगत ४ दिन देखिको अविरल बर्षातका कारण अस्तव्यस्त बनेका छन् ।

असार महिनाको अन्तिम हप्ताबाट शुरु भएको वर्षा अहिले पनि जारी छ । अविरल वर्षाका कारण निर्माण सम्पन्न भएका सडकहरुमा पनि क्षति पुगेको छ भने कतिपय असार २५ गतेभित्र काम सम्पन्न हुने सडक वर्षाका कारण पूरा हुन नसक्ने देखिएको छ ।

उता गाउँका साना तिना ग्रामीण, निर्माणधिन सडकहरुका कारण कतिपय बस्ती भने जोखिममा परेका छन् । अहिले अर्घाखाँची जिल्लामामा सडक पूर्वाधार कार्यालय, सडक डिभिजन कार्यालय शिवपुर संघीय कार्यान्वयन इकाइ भैरहवा सालझण्डि सन्धिखर्क ढोरपाटन सडक प्रदेश सहरी विकास कार्यालय भैरहवा र अर्घाखाँचीका ६ वटा स्थानीय सरकारहरुले सडक निर्माणको काम गरिरहेका छन् ।

जिल्लाका ६ वटा स्थानीय सरकारले असार मसान्तसम्म धेरै सडकको काम



सम्पन्न गर्ने लक्ष्य लिएको भएपनि सरकारले समपुरक बजेट नपठाएको कारण सोचेको र अनुमान गरेको काम सम्पन्न गर्न सकेका छैन ।

स्थानीय सरकारले धेरै सडक कालोपत्रे गर्ने गरी काम अघि बढे पनि बजेटका कारण त्यो सबै काम सम्पन्न हुने असार मसान्तसम्म सम्पन्न हुने देखिँदैन ।

सडक निर्माण पूरा भएका ग्राभेल गरेका तर कालोपत्रे गर्न बाँकी रहेका सडकहरुमा पनि सरकारले कालोपत्रेको टेण्डर गर्न नसक्दा अहिले अभिरल वर्षातका कारण सडक भत्किने, भाँसिने र पहिरो जाने काम हुँदा निर्माण व्यवसायीले क्षति व्यहोर्न परेको छ ।

अर्घाखाँचीका ग्रामीण ठाउँहरुमा ठूलो पानी परेपछि केही वस्ती नै जोखिममा समेत पर्छन् ।

जिल्लामा पूर्वाधार विकासतर्फ उल्लेखनीय काम भइरहेको बेलामा निरन्तर वर्षातले सडकहरु निर्माणमा कठिनाइ देखिनुको साथै पहिरोका कारण ठूलो क्षति पुगेको छ ।

संघीय संसदका पूर्व उपसभामुख पुष्पा भुसालले अर्घाखाँचीमा सडक विकासको रप्तारमा ब्रेक लागेको बताइन् ।

अबको दुई वर्षभित्र जिल्लाका सबै मुख्य सडक कालोपत्रे गर्ने योजना अब १ वर्षपछि धकेलिएको भुसालको भनाइ छ । सरकारले बजेट दिन नसक्दा सडकको काम हुन पाएन । त्यसपछिको वर्षातले सडकहरु अस्तव्यस्त बनाएको छ । सडक पूर्वाधार कार्यालयका प्रमुख गोपिराज पुन भन्छन्, 'सबै सडकको निर्माण कार्य अहिले वर्षातका कारण रोकिएको छ, यहि बेलामा वर्षातले सडकहरुमा ठूलो क्षति पुऱ्याएको छ ।' उनले हिउँदको समय शुरु नभएसम्म सडकका कामहरु शुरु हुन नसक्ने बताए ।

केहि किलोमिटर सडक कालोपत्रे गर्ने गरी काम भइरहेको आयोजनाका वर्षातका कारण सबै खण्डका काम बन्द अवस्थामा छन् ।

सडक डिभिजन कार्यालयमार्फत भइरहेका साना आयोजनाहरुमा पनि वर्षातले काम प्रभावित गरेको छ । सडक डिभिजन कार्यालय अर्घाखाँचीका प्रमुख गोपिराज पुनले सडक निर्माणमा अपेक्षाकृत उपलब्धी हासिल गर्न नसकिएको बताए । गत वर्ष विनियोजित बजेट फ्रिज जाने सम्भावना बढेको उनको भनाइ छ । जिल्लाका झण्डै आधा दर्जन बढी सडकहरु उक्त कार्यालयमार्फत स्तरोउन्नतिको चरणमा थिए । वर्षातले ती कामहरु प्रभावित पारेको हो । कपिलवस्तु हुँदै गोरुसिंगेदेखि सन्धिखर्क जाने सडक डिभिजन कार्यालय शिवपुरको निरन्तर खटाइका कारण सडक सुचारु भएको छ ।

# रौतहट चक्कु प्रहार घटना : तीन जना पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ असार

रौतहट सदरमुकाम गौरमा चक्कु प्रहार गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा ईशनाथ नगरपालिका वडा नं. ९ का संजिव गुप्ता र प्रदिप साह र परोहा नगरपालिका वडा नं. ९ का शिवम कुमार सहनी रहेका छन् ।

चार जनालाई पक्राउ गरे पनि एक जनाको संलग्नता नदेखिएपछि तीन जना उपर ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

उनीहरुले बिहीबार राति गौर नगरपालिका वडा नं. ३ गौर सडकमा रौतहट गौर नगरपालिका वडा नं. ३ बस्ने वर्ष १६ को सुरज प्रसाद यादवसहित तीन जनामाथि चक्कु प्रहार गरी घाइते बनाएका



थिए । केही दिन पहिला विद्यालय पढ्न जाँदा एकले अर्कालाई आँखा हेरेको निहुँमा चक्क प्रहार गरेको प्रहरी अनुसन्धानमा खुलेको छ । उनीहरुलाई बसेको घरबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

घाइतेमध्ये सुरजको घाँटी नजिक कुममा गहिरो चोट लागेको छ । उनको वीरगञ्जमा उपचार भइरहेको छ । अन्य दुई जनाको भने प्रादेशिक अस्पताल गौरमा उपचार भइ रहेको छ ।

# दुवै मिर्गौला फेल भएका रानाले गरे सहयोगको याचना

**काठमाडौं/मस**– दुवै मिर्गौला फेल भएका नवलपुरको मध्यविन्दु नगरपालिका निवासी गन बहादुर रानाले उपचारका लागि आर्थिक सहयोगको याचना गरेका छन् । आर्थिक अभावले उपचार गर्न समस्या भएपछि पीडित रानाले आर्थिक सहयोगका लागि सहयोगी मनहरुसंग याचना गरेका हुन् ।

भरतपुर अस्पतालमा उपचार गराइरहेका रानाको आर्थिक अवस्था निकै कमजोर भएकाले थप उपचारका लागि आर्थिक समस्या भएको हो । पहिलेदेखि नै पक्षघातले थालिएका उनको परिवारमा आम्दानी गर्न सक्ने कोही पनि छैनन् । रानका एक



छोराको अरिंगालको टोकाईबाट पहिले नै मृत्यु भैसकेको छ भने इर्का छोरा दैनिक ज्याला मजदुरी गर्छन् ।

आर्थिक अभावकै कारण उपचार गर्न नसकेको भन्दै पीडित रानाले स्वदेश तथा विदेशमा रहने सम्पूर्ण नेपालीहरूलाई सहयोग गरेर आफ्नो ज्यान बचाइदिन आग्रह गरेका छन् ।

उनले नेपाल बैंक लिमिटेडमा रहेको आफ्नो खाता नं: ३१८१०२०७६२६१५२००००१ मा रकम जम्मा गरेर आर्थिक सहयोग गरिदिन आग्रह गरेका छन् । त्यस्तै ९८१७४९३२६० मा फोन गरेर पनि सहयोग गर्न सकिने उनले बताएका छन् ।

# प्रहरी निरीक्षक थापाको मृत्यु : अनुसन्धान गर्दै सुरक्षा निकाय

**भक्तपुर/मस**–नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको बालकोटस्थित निवासमा सुरक्षा प्रमुखको जिम्मेवारी सम्हाल्दै आएका ४२ वर्षीय सशस्त्र प्रहरी निरीक्षक उमेश थापाको मृत्यु भएको छ ।

सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोक काठमाडौं दरबन्दी भइ हाल ओली निवास बालकोटस्थितमा सुरक्षा प्रमुखको रूपमा कार्यरत थापा शनिबार सूर्यविनायक नगरपालिका-९ गुण्डुस्थितमा आफ्नै निवासमा मृत भेटिएका जिल्ला प्रहरी परिसरका प्रहरी नायब उपरीक्षक राजन कार्कीले जानकारी दिए । घटनास्थलमा पुगेको प्रहरी वृत्त जगातीका अधिकृतसहित टोलीले अनुसन्धान शुरु गरेको जानकारी दिँदै उनले मृतक थापाको शव परीक्षणका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज लगिएको उनले बताए ।

के-कारणले मृत्यु भएको हो भन्नेबारेमा प्रहरीले थप अनुसन्धान गरिरहेको भन्दै उनले शव परीक्षणको प्रतिवेदन आएपछि अनुसन्धान अघि बढाइने जानकारी दिए ।

## देशभर...

रुपा टमटा घाइते भएकी गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले जनाएको छ । काठमाडौंका बागमती नदी, मनोहरा नदी, भक्तपुरको हनुमन्ते खोला लगायतका किनाराका बस्तीमा बाढी पस्दा जनजीवन अस्तव्यस्त बनेको छ ।

कञ्चनपुरको महाकाली नदीमा पानीको बहाव बढेको छ । नदीमा पानीको बहाव बढेपछि शारदा ब्यारेजको पुलमा ठूला सवारी साधन आवागमनमा रोक लगाइएको छ ।

शनिबार साँझ महाकालीमा पानीको बहाव १ लाख २१ हजार क्युसेक पुगेको छ । महाकालीमा पानीको बहाव १ लाख क्यूसेक नाघ्नेबित्तिकै ठूला सवारी साधन आवागमनमा रोक लगाइने गरिएको छ ।

कर्णाली राजमार्गको कालिकोट र दैलेख खण्डमा पहिरो गएपछि सयौं सवारीसाधन अलपत्र परे । सुर्खेत, नेपालगन्जदेखि कालिकोट, जुम्ला र मुगु आवतजावत गर्ने र कालिकोट, जुम्ला र मुगुदेखि सुर्खेत नेपालगन्ज छुटेका सयौं सवारसाधनहरु अलपत्र परे । कालिकोट खण्डमा मात्रै ५ स्थानमा पहिरो गएको थियो ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार कर्णालीका ६ जिल्ला रेड अलर्टमा रहेका छन् । जाजरकोट, दैलेख, रुकुमपश्चिम, कालिकोट, हुम्ला र जुम्ला रेड अलर्टमा रहेका हुन् ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले लगातारको वर्षाबाट उत्पन्न हुनसक्ने विपद्को जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा तत्काल स्थानान्तरणको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।

गृह मन्त्रालयमा भएको आपत्कालीन बैठकमा उनले विपद्का घटनालाई तुरुन्त सम्बोधन गर्न र सतर्कताका राज्यको जिम्मेवारी पूरा गर्न सम्बन्धित उच्चाधिकारी र सुरक्षा निकायका प्रमुखलाई निर्देशन दिए ।

बैठकमा सुरक्षा निकायले हालसम्मको वस्तुस्थितिबारे जानकारी गराएका थिए । उपप्रधानमन्त्री लामिछानेले 'कमाण्ड पोष्ट' र सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई विपद्बाट जनधनको क्षति हुन नदिन र खाद्यान्न, लत्ताकपडा लगायत सामग्रीको अभाव हुन नदिन आग्रह गरे ।

'हामीले सिंहदरबारमा बसेर क्षतिको विवरणबारे आमनागरिकलाई सूचना दिएर हाम्रो दायित्व पूरा हुँदैन । क्षति कम गर्न र उद्धारलगायत काममा हामीले कसरी काम गरेका छौं भन्ने विषय महत्त्वपूर्ण हुन्छ', गृहमन्त्री लामिछानेले भने, ' हामीले बनाएका विपद् पूर्वतयारी योजना, निर्देशिका र कार्यविधिका कागजलाई व्यवहारमा उतार्ने समय आएको छ । हामीले हरेक व्यक्तिको ज्यान जाँदाको राज्यको एक सदस्य गुमाउनुपरेको अनुभूति लिएर काम गर्नुपर्ने हुन्छ ।' उनले पूर्व तयारीको योजनालाई कार्यान्वयनमा सघाउन राजनीतिक दल, सम्बन्धित निकाय र पक्षलाई आग्रह गरेका छन् ।

## कांग्रेसका...

बनेका पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिँदैछन् । उनले विश्वासको मत नपाए सबैभन्दा ठूलो दलको संसदीय दलका नेता प्रधानमन्त्री बन्ने संविधानको धारा ७६(३) आकर्षित हुने कतिपयको दाबी रहँदै आएको छ ।

कांग्रेसले प्रचण्ड नेतृत्वको सरकार ढलेर बन्ने नयाँ सरकार कसरी बन्छ भन्ने विषयमा समेत बोलेको छ । कांग्रेसले अब नयाँ सरकार पनि संविधानको धारा ७६(२) अनुसारकै दुई वा दुई भन्दा बढी दलको समर्थनमा बन्ने निष्कर्ष निकालेको छ ।

दुई दलीय सहमति अनुसार पहिलो चरणमा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्नेछन् ।

यसअघि २०७८ साल असार अन्तिममा एमाले अध्यक्ष ओली प्रतिनिधि सभा विघटनको विषय सर्वोच्च अदालतबाट बदर हुँदै गर्दा सर्वोच्च अदालतको परमादेशबाटै हटेका थिए । सर्वोच्च अदालतको परमादेशबाट हटेका ओली पुनः प्रधानमन्त्री भएर सत्तामा पुग्दैछन् ।

कांग्रेस संसदीय दलले पनि सहमति अनुसार एमाले अध्यक्ष ओलीको नेतृत्वमा सरकार बनाउने सहमति अनुमोदन गरेको हो ।

यसअघि कांग्रेसको कार्यसम्पादन समितिले एमालेसँग भएको सातबुँदे सहमति अनुमोदन गरेको थियो । यसका साथ कांग्रेसले कांग्रेसले नयाँ सरकार संविधानको धारा ७६(२) अनुसार बनाउने आफ्नो अडान स्पष्ट पारेको छ ।

हाल सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रका केही नेताले सबैभन्दा ठूलो दलको नेतृत्वमा सरकार बन्न सक्ने तर्क गरिरहेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले पनि कतै ७६(३) अनुसारको प्रधानमन्त्रीका लागि आह्वान गर्न सक्ने कतिपयको आशंका छ । यस्तो आशंका चिर्ने प्रयास कांग्रेसले गरेको हो ।

संसदका दुई ठूला दल कांग्रेस (८८ सिट) र एमाले (७( सिट) बीच १७ असारको मध्यरातमा नयाँ सरकार बनाउने सहमति भएको थियो । २७५ सदस्यीय प्रतिनिधिसभामा बहुमतका लागि १३८ चाहिन्छ । १६७ सांसद भएका दुई ठूला दलले नयाँ सरकार बनाउने निर्णय गरेसँगै प्रधानमन्त्री प्रचण्ड स्वतः अल्पमतमा परेका छन् ।

मंसिर २०७९ को चुनावमा कुनै पनि दलको प्रष्ट बहुमत नआएपछि एमाले, रास्वपासहितका दलको समर्थनमा माओवादी दलका नेता प्रचण्ड प्रधामन्त्री बनेका थिए । डेढ वर्षको अवधिमा उनले तीन पटक विश्वासको मत लिइसके ।

२८ असारमा प्रचण्डले चौथो पटक विश्वासको मत माग्दा नपाए राष्ट्रपतिले धारा ७६ (२) अनुसार नै दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठनको आह्वान गर्नुपर्ने कांग्रेस र एमालेको निष्कर्ष छ ।

कांग्रेसका प्रमुख सचेतक रमेश लेखक राजनीतिक स्थिरता कायम गर्नका लागि नयाँ कदम चालिएको बताए । 'नयाँ सरकार ७६(२) कै बन्छ । साथमा अब मुलुकमा राजनीतिक स्थिरता पनि कायम हुन सक्छ । यसकै लागि दुई ठूला दल मिलेर सरकार बनाउन लागिएको हो' उनले पत्रकारहरुसँग भने ।

## किन...

विषयमा निर्णय गर्ने तहमा पुगेको बताइएको थियो । उनी मन्त्रीबाट हटेपछि वर्तमान श्रममन्त्री डोलप्रसाद अर्यालमाथि पनि प्रभावकारीरुपमा कार्यान्वयनमा नआएको फ्रि भिसा, फ्रि टिकटको निर्णयलाई कसरी परिमार्जन गर्ने भन्ने विषयमा दबाबका रुपमा रहेको र उनले समाधान गर्ने उद्देश्यले छलफल चलाइरहेको स्रोतले बताएको छ ।

वैदेशिक रोजगार व्यवसायीले खाडी तथा मलेसियासहितका देशमा एक जना कामदार पठाउँदा न्यूनतम १ लाख ३२ हजार रुपैयाँभन्दा बढी प्रवर्द्धन खर्च अर्थात लागत रहेको भन्दै त्यसलाई ध्यान दिएर फ्रि भिसा, फ्रि टिकटको व्यवस्थालाई कार्यान्वयनमा ल्याउनुपर्ने माग गरिरहेका छन् । तर कतिपय वैदेशिक रोजगार व्यवसायीले भने शून्य लागतको स्वच्छ भर्ना प्रक्रिया अन्तर्गत नेपाली कामदार पठाउने नीतिलाई प्रश्रय दिइ त्यसरी पठाउने कम्पनीहरुलाई सरकारले संरक्षण र प्रोत्साहन गर्न जरुरी रहेको बताएका छन् ।

मन्त्रालयले गत वर्ष नै फ्रि भिसा, फ्रि टिकटको प्रभावकारिताबारे अध्ययन गर्न एउटा कार्यदल गठन गरेको थियो । तर कोरिया पठाउँदा झण्डै २ लाख रुपैयाँ र इजरायल पठाउँदा डेढ लाख रुपैयाँ लिने सरकारले व्यवसायीहरुलाई शून्य लागत नभएको अवस्थामा १० हजार रुपैयाँ मात्रै लिएर पठाउन भनिरहेको छ । मन्त्रालयले विभागमार्फत वर्षेनी विवरण मागे पनि ठोस निर्णय गर्ने जिम्मेवारी भने पूरा गर्न सकेको छैन । जबकि कानूनतः खाडी र मलेसिया गएका सबै कामदार फ्रि भिसा, फ्रि टिकटमै गएका हुन्, जसको दैनिक, मासिक र वार्षिक तथ्यांक विवरण वैदेशिक रोजगार विभागसँग नै सुरक्षित छ ।

## प्रतिनिधि...

घोषणा भएका थिए । यी तीन जनाको नाम हलबाट अनुमोदन भएपछि बाँकी कमिटी चयन गर्ने अधिकार सचिवालय कमिटीलाई दिइएको थियो । जसका लागि एकीकृत समाजवादीले नयाँ कमिटी नआएसम्म पुरानै कमिटी सक्रिय हुने विधान बनाएको छ ।

त्यही विधान बमोजिम पुरानै सचिवालय कमिटीको बैठक बसिरहेको छ । त्यो बैठकले पोलिट्ब्यूरो सदस्यहरुलाई केन्द्रीय सदस्य बनाउने निर्णय गरेको थियो । जस बमोजिम बसेको केन्द्रीय कमिटी बैठकले बाँकी केन्द्रीय सदस्य चयनको मापदण्ड बनाउने निर्णय गरेको छ ।


SAUDI मा रोजगार | कम्पनी : ODIA NAJD COMPANY LIMITED IS A ONE PERSON COMPANY
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०३/२१ चलानी नं.: ६०२२१९६७ LT. No.: 307243

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Loading And Unloading Worker | 10 | 0 | स. काममा दक्ष | 1200 | ४२,६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PALIV INTERNATIONAL PVT. LTD.
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9803420845, 9820112709, URL: www.palivinternational.com

# रिक्त दरबन्दीमा जनशक्ति थप्दै नारायणी अस्पताल, सेवा प्रवाहमा सहज हुँदै

**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, २२ असार

दरबन्दीअनुसारको स्वास्थ्यकर्मी अभावमा सेवा प्रभावित हुन लागेपछि नारायणी अस्पतालले करारमा जनशक्ति थप गर्न लागेको छ। अस्पतालले गएको असार १४ गते नवौं तहको अधिकृतदेखि विभिन्न पदमा ३३ जना जनशक्ति आवश्यक रहेको भन्दै सूचना जारी गरेर भर्ना प्रक्रिया अघि बढाएको हो ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ड एनामुल हकले जनशक्ति अभावमा सेवा प्रवाह गर्न कठिनाइ भएकाले करारमा जनशक्ति थप गर्न लागिएको बताए । आफूभन्दा अघिको नेतृत्वले जथाभावी स्वास्थ्यकर्मी राख्दा अस्पताललाई नै आर्थिक भार परेको भन्दै उनले कार्यभार सम्हालेको केही समयमै ४७ जनालाई हटाएका थिए । दैनिक ज्यालादारीमा राख्दा अस्पताललाई आर्थिक भार परेकाले ४७ जनालाई हटाएर अस्पताललाई आर्थिक भार हुन नदिन अब दरबन्दीअनुरुपको कर्मचारी मात्रै करारमा भर्ना गर्न लागिएको उनले स्पष्ट पारे ।



दरबन्दी रिक्त रहेको र अस्पतालमा आवश्यकतासमेत रहेकाले आफूहरुले चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि २०७६ अनुसार नै जनशक्ति करार सेवामा लिन लागेको उनले बताए ।

अस्पतालले कार्यविधिको दफा ५ को ४ बमोजिम जनशक्ति नियुक्त गर्ने प्रक्रिया अघि बढाएको हो । यो प्रक्रियाअनुसार जनशक्ति भर्ना गर्दा लिखित वा मौखिक, वा दुवै परीक्षाको माध्यमबाट उम्मेदवार छनोट गर्न सक्ने प्रावधान रहेको छ । निमित्त मेसु हक भन्छन्, 'यथाशीघ्र जनशक्ति नथपिए अस्पतालले प्रवाह गर्ने विभिन्न सेवा नै अवरुद्ध हुने अवस्था देखिएकाले हामीले मौखिक परीक्षाको माध्यमबाट जनशक्ति भर्ना गर्न लागेका हौं ।'

अस्पतालबाट अहिले बहिरंग सेवा, इमर्जेन्सी, प्रसूति, सर्जिकल, हेमोडाइलासिस, आइसीयू, भिडियो एक्सरेलगायत विभिन्न सेवा प्रवाह भइरहेको छ ।

मेसुमा नियुक्त हुनासाथ एनामुल हकले अस्पताल सुधारका लागि प्रयास गरेका छन् । उनले मेसु पद सम्हालेलगत्तै टिकट काउन्टरको संख्या बढाए भने काउन्टरमा गर्मी भएको गुनासो आउनासाथ 'एसी' जडान गरेर बिरामीलाई सहज बनाउने काम गरिदिए । काउन्टरसँगै बहिरंग सेवा (ओपीडी) मा पनि एसी जडान गरिएको छ । डा. हकको यो कदमले गर्मीको समयमा राहतको महसुस भएको सेवाग्राहीहरु बताउँछन् ।

यस्तै बेडको पनि मर्मतसम्भार गरिएको छ भने आवश्यकताअनुसार थप्ने प्रक्रिया पनि भइरहेको छ। अस्पतालको सेवाप्रवाहलाई व्यवस्थित बनाउने कार्य आफ्नो प्रमुख प्राथमिकतामा रहेको मेसु डा. हकले बताए। उनका अनुसार पहिलो चरणमा अस्पतालको बाह्य र आन्तरिक सरसफाइमा व्यापक सुधार गरिएको छ। बाहिरी र भित्रिरुपमा सरसफाइ गर्ने काम जारी छ। यस्तै शौचालय, नाला, बेड, ओपीडीलगायतको व्यवस्थापन गर्ने काम पनि भइरहेको उनले बताए ।

# अब चौरजहारीबाटै स्मार्ट लाइसेन्स

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २२ असार




रुकुम पश्चिमको चौरजहारीमा रहेको यातायात व्यवस्था सेवा कार्यालयले चालक अनुमति पत्र (स्मार्ट लाइसेन्स) वितरण कार्य शुरु गरेको छ । कार्यालयले जिल्लाबाटै चालक अनुमति पत्रका लागि अनलाइन फारम भर्न, सवारी साधन दर्ता तथा नामसारी, सवारी साधन ब्लुबुक नवीकरणदेखि २ पांग्रे, तीन पांग्रे र चार पांग्रे सवारी साधनको लिखित तथा प्रयोगात्मक परीक्षाको सेवासमेत दिँदै आएको छ ।

यातायात व्यवस्था सेवा कार्यालय चौरजहारीले उद्घाटन भएको साढे ३ वर्षपछि गत फागुन २१ गतेबाट सेवा शुरु गरेको थियो। २०७६ साल भदौ १२ गते चौरजहारीमा यातायात व्यवस्था सेवा कार्यालयको शाखा उद्घाटन गरिएको थियो । चौरजहारीबाट नै स्मार्ट लाइसेन्स वितरण तथा नवीकरणको कार्य शुरु भएसँगै पूर्वी रुकुम, जाजरकोट, सल्यान, दैलेख, डोल्पालगाउतका जिल्लाका सेवाग्राहीहरुलाई सेवा लिन सहज भएको कार्यालय प्रमुख आनन्द चपाईले बताए ।

चौरजहारी नगरपालिका वडा नम्बर २ को वडा कार्यालय नजिकै रहेको यातायात व्यवस्था कार्यालयले सोही वडाको भेरी नदीको माथिल्लो भागमा रहेको छोटेवगरमा सवारी साधनको प्रयोगात्मक परीक्षा सञ्चालन गर्दै आएको छ। कार्यालयमा १५ सय ११ वटा स्मार्ट लाइसेन्स प्राप्त भएको र वितरण कार्य शुरु गरिएको सूचना अधिकारी देबबहादुर चन्दले बताए । कार्यालय स्थापना भएर सेवा प्रवाह भएसँगै करिब २ करोड ५० लाख बराबरको राजस्वसमेत कार्यालयले संकलन गरेको छ । कार्यालयको आफ्नै भवन निर्माणका लागि प्रदेश सरकारले बजेट विनियोजन गरिसकेको छ ।

# वीरेन्द्रनगरमा संसदीय रिपोर्टिङसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम शुरु



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २२ असार

शनिबारदेखि सुर्खेतको वीरेन्द्रनगरमा संसदीय रिपोर्टिङसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम शुरु भएको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजन तथा संसदीय मामिला पत्रकार समाज कर्णालीको समन्वयमा उक्त कार्यक्रम शुरु भएको हो ।

कार्यक्रमको उद्घाटन गर्दै आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रविलाल शर्माले पत्रकारिता ज्ञानको विषय भएको बताए। उनले पत्रकारलाई संविधान हेरेर जनप्रतिनिधिको समाचार लेख्न सुझाव दिए । 'पत्रकारिता ज्ञानको विषय हो,' उनले भने, 'यदि ज्ञान नै नभए कसरी समाचार लेख्न सकिन्छ र ?'

'कर्णालीकै ऐनकानुन हेरेर ज्ञान लिनुभयो भने तपाईंहरूलाई नै सजिलो हुन्छ,' उनले भने, ' जनप्रतिनिधिले ऐन कानूनअनुसार काम गर्नुभएको छ कि छैन त्यही अनुसार समाचार लेख्न सकिन्छ ।'

सचिव शर्माले संसदीय रिपोर्टिङको आधार राम्रो भएको हुँदा लिएको तालिमलाई सही ठाउँमा प्रयोग गर्न आग्रह गरे । पत्रकारले लेखेको कुराले बन्द भएको आँखा खुल्ने विश्वास उनको छ ।

कार्यक्रममा संसदीय पत्रकारिताको इतिहास र विकासक्रम, चौथो अंगको अवधारणा र संसदमा पत्रकारको भूमिकालगायतका विषयमा छलफल हुनेछ। कार्यक्रममा कर्णालीका पत्रकारहरुको उपस्थिति रहेको छ। कार्यक्रम आइतबारसम्म चल्नेछ ।

# सुदूरपश्चिमका पहाडी जिल्लामा पहिरो : ठाउँ-ठाउँमा सडक अवरुद्ध

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, २२ असार

सुदूरपश्चिम प्रदेशमा वर्षाका कारणले सात पहाडी जिल्लामा पहिरोले ठाउँ-ठाउँमा सडकहरु अवरुद्ध भएका छन्। धेरै स्थानमा वर्षा र तराईमा बाढीका कारण जनजीवन प्रभावित भएको छ ।

पहिरोका कारण सडक अवरुद्ध हुन पुगेको छ भने कतै बाढीका कारण स्थानीय जोखिममा परेका छन् । लगातारको वर्षाले पहिरो खसेपछि बैतडीको सतबाँझ-श्रीभावर सडक अवरुद्ध भएको छ । सुर्नया गाउँपालिका-४ बडसल्लामा पहिरो खसेपछि सडक अवरुद्ध हुन पुगेको हो । सतबाँझ-श्रीभावर सडकमा नयाँ कटिङ भएका ठाउँमा पहिरो खसेको छ । उक्त सडक अवरुद्ध भएपछि सुर्नया गाउँपालिकाको केन्द्र आवत-जावतमा समस्या भएको छ ।

प्रदेश गौरवको आयोजनाको रुपमा रहेको सतबाँझ-श्रीभावर सडकमा स्तरोन्नतीको काम भइरहेको छ । स्तरोन्नतीका लागि सडक डबल कटिङ गरेको र ठाउँ-ठाउँमा पहिरो खसेको यातायात व्यवसायी रामबहादुर बिष्टले बताए ।

बडसल्ला हुँदै सुर्नया गाउँपालिकाको केन्द्र जोड्ने र सनशेरीमाडौं हुँदै पालिकाको केन्द्र जोड्ने दुवै सडकमा पहिरो खसेको छ। वर्षाले बैतडीका तीन घरमा क्षति भएको छ। जिल्लाको दशरथचन्द नगरपालिका, पुर्चौंडी नगरपालिका र मेलौली नगरपालिकामा एक/एक घरमा क्षति भएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता प्रहरी निरीक्षक बलराम पाण्डेयले बताए। वर्षापछि शनिबार दिउँसो दशरथचन्द नगरपालिका-९ गुवाडास्थित मनध्वज रानाको दुई तले कच्ची घर भत्किएको छ ।



यस्तै मेलौली नगरपालिका-२ टाकतोलास्थित सुशीलबहादुर चन्दको दुई तले कच्ची घरमा क्षति पुगेको प्रहरी निरीक्षक पाण्डेयले बताए । वर्षाको पानीले घरको पर्खाल भत्किएको हो। त्यस्तै पुर्चौंडी नगरपालिका नगरपालिका-९ डण्डाखाली रिउले सार्कीको घरमा पहिरोले क्षति पुऱ्याएको छ । रिउलेको निर्माणाधिन घरमा माथिबाट खसेको पहिरोले क्षति पुऱ्याएको हो। पहिरोका कारण थप तीन घर जोखिममा परेका छन्।

स्थानीय रिउले सार्की, झुसे सार्की र काशी सार्कीको घर उच्च जोखिममा परेका छन्। जोखिम परेका १५ जनालाई सुरक्षित स्थानमा सारिएको प्रहरीले जनाएको छ । उता दार्चुलामा बाढीले वस्ती जोखिममा पारेपछि ९२ जनाले आफ्नो घर छाडेका छन्। जिल्लाको मार्मा गाउँपालिकाको गन्याड खोलाको बाढीले बस्ती जोखिममा पारेपछि १४ परिवार विस्थापित भएका हुन् ।

लगातारको वर्षाका कारण मार्मा गाउँपालिका-४ र ५ को बीचको गन्याड खोलाको बाढीको जोखिमका कारण आसपास बस्तीका ९२ जना घर छाडेर विद्यालयमा बास बसेका छन्। सुदूरपश्चिममा तीन दिनसम्म वर्षा हुने अनुमान गरिएको छ । महाकाली बेसिन कार्यालय अत्तरियाले तीन दिनसम्म सतर्क रहन आग्रह गरेको छ । सो कार्यालयका प्रमुख सञ्जयकुमार साहले कैलाली र कञ्चनपुरका स्थानीयले सतर्कता अपनाउनुपर्ने बताए ।

पहाडी जिल्ला डडेल्धुरा, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला र बैतडी उच्च जोखिममा रहेकाले अझ बढी सतर्कता अपनाउनुपर्ने उनले बताए । प्रमुख साहका अनुसार शुक्रबार बिहान साढे ११ बजे पछिको तीन घण्टामा मात्रै ३६.६ मिलिमिटर पानी परेको छ। मनसुन न्यून चापीय रेखा केहीदिन नेपालको दक्षिणी भू-भागको आसपास रहने भएकोले २३ गते आइतबारसम्म वर्षा हुने अनुमान जल तथा मौसमविज्ञान महाशाखाले गरेको छ ।

वर्षाले कैलालीको भजनी क्षेत्र डुबानमा परिसकेको छ । जल तथा मौसम विज्ञान विभागले सुदूरपश्चिममा गरेको मौसम पूर्वानुमान तथा त्यसले पार्ने प्रभावको आधारमा सुदूरपश्चिम प्रदेश सरकारले तयारी अगाडि बढाएको छ । आन्तरिक मामिला मन्त्रालयका सूचना अधिकारी दीपेन्द्रसिंह कार्कीले खोज, राहत र उद्धार नै मन्त्रालयको प्रमुख कार्य रहेको बताउँदै यो मनसुनमा ५३ हजार ३६२ घरधुरी तथा २ लाख ३३ हजार १९० जनसंख्या प्रभावित हुन सक्ने बताए । मन्त्रालयसँग हाल हाल २ सय थान टेन्ट, २ सय थान त्रिपाल मात्र मौज्दात रहेको छ ।

४ सय ३० थान त्रिपाल खरिद कार्य अगाडि बढाएको कार्कीले बताए । भूक्षय तथा नदी कटान रोकथामको लागि एक हजार थान बोरा खरिद गरिएको छ। विपद व्यवस्थापनको लागि प्रदेश सरकारले विपद व्यवस्थापन कोष खडा गरेको छ। सो कोषमा हाल १८ करोड बजेट रहेको मन्त्रालयले जनाएको छ ।

# व्यवसायी रावलसँग मोना कतारको अन्तरक्रिया

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार २२ असार



कतार भ्रमणमा रहेका व्यवसायी तथा समाजसेवी सन्तोष रावलसँग मोना कतारले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । म्याग्दीको रत्नेचौरमा जन्मिएका रावल आफ्नो यूके भ्रमण सकेर सपरिवार कतार भ्रमणमा आएको अवसर पारेर मोना कतारले अन्तरक्रिया कार्यक्रम गरेको हो ।

नेपाल सामुदायिक पुस्तकालय संघका केन्द्रीय अध्यक्ष, मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सचिव, लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ आइका क्याबिन्ट कोषाध्यक्ष समेत रहेका रावलसँगको अन्तरक्रियामा मोनाका पदाधिकारीले बेनीमा रहेका सहकारीमा देखिएका समस्या र सामाजिक गतिविधिमा चासो देखाउँदै जिज्ञासा राखेका थिए । मोना कतारको बारेमा जानकारी दिँदै अध्यक्ष राजु पौडेलले समग्र म्याग्दीको समृद्धि र हरेक आवश्यकतामा मोना कतारको उपस्थिति नै पहिलो सर्त रहेको बताए ।

मोना कतारको संरक्षकत्वमा स्थापित मोना कतार बहुउद्देश्यीय अक्षयकोषका बारेमा अध्यक्ष विक्रम कार्कीले विस्तारमा जानकारी दिए। उनले हरेक म्याग्देलीका दुःखमा पुग्न अक्षयकोषको स्थापना गरिएको बताए । कार्कीले एक करोड बराबरको अक्षयकोष निर्माण गर्ने मार्गमा कार्यसमितिले जिरो लेबलमा काम गरिरहेको बताए । उनले कतारमा स्थायी रूपमा बसोबास कोही पनी नगर्ने र जिल्लामा फर्केपछि समाजमा जोडिनका लागि अक्षयकोष पुल बन्ने विश्वास व्यक्त गरे ।

कतारको ऐनखालिदमा रहेको खुल्ला पार्कमा मोना कतारको १७ औं मासिक बैठकसँगै गरिएको अन्तरक्रिया कार्यक्रममा बोल्दै रावलले अक्षयकोष निर्माण प्रशंसा योग्य कार्य रहेको बताए । उनले सहकारीले बचतकर्ताको फिर्ता गर्नुपर्ने पैसा मध्य विभिन्न संघसंस्थाको नै पहिला फिर्ता गर्ने निर्णय नै भएको बताउँदै सामाजिक रूपमा अग्रसर संस्थाका पैसा कसैले रोक्न नहुने बताए । उनले मोना कतारले जिल्लामा गरेका सबै कामहरूबाट आफू प्रभावित भएको बताउँदै अक्षयकोषका लागि आफ्नो स्थानबाट हुन सक्ने सबै सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । कतार भ्रमणमा आइपुगेका रावल तथा परिवार गृह जिल्लामा प्रभावशाली व्यक्तित्वका रूपमा परिचित छन् ।

# दाङमा बाढी : एक जनाको मृत्यु, दुई बेपत्ता

**सपना बोहरा/मध्यान्ह**
दाङ, २२ असार

अविरल वर्षाका कारण आएको बाढीले दाङमा एक जनाको मृत्यु भएको छ भने दुई जना बेपत्ता छन्। शुक्रबारदेखिको अविरल वर्षापछि राप्ती नदीमा आएको बाढीले बगाउँदा एक जनाको मृत्यु, दुई जना बेपत्ता र दुई जनाको उद्धार गरिएको हो ।

राप्ती नदीले बगाउँदा राजपुर गाउँपालिका-२ का १९ वर्षीय राजकुमार यादव शनिबार बिहान लमही नगरपालिका-७ हस्नापुर नजिकबाट राप्ती नदी तर्ने क्रममा बेपत्ता छन्। उनी बिहानै राजपुरबाट दूध बेच्नका लागि लमही फर्किंदा नदीको बाढिले बगाउँदा बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ ।

त्यस्तै राप्ती नदीले बगाउँदा लमही नगरपालिका-८ बग्रापुरस्थित नयाँ बस्तीका ६२ वर्षीय मनियम चौधरी पनि बेपत्ता छन्। शनिबार बिहान बग्रापुर गएका उनलाई अविरल वर्षापछि राप्ती नदीमा आएको बाढीले दिउँसोतिर बगाएर बेपत्ता पारेको छ। चौधरीको खोजीमा नेपाल प्रहरीको टोली र सशस्त्र प्रहरी बल नेपाल नं. २९ ज्वालामाई गण भालुबाङको टोली खटिएको छ ।



त्यस्तै राजपुर, २ कै ४० वर्षीय दयाराम यादव र ४८ वर्षीय तुलाराम यादवको भने उद्धार भएको छ। उनीहरू रूखमा चढेर ज्यान जोगाउन सफल भएको जिल्ला प्रहरी प्रमुख एसपी रामबहादुर केसीले जानकारी दिएका छन् । नेपाल सशस्त्र प्रहरी बल ४१ नम्बर रिजर्भ गण अर्जुन खोलाबाट खटिएका सुरक्षाकर्मीले दुई जनालाई उद्धार गरेका हुन् ।

त्यस्तै दाङकै राजपुर गाउँपालिका- ५ सालभौडीस्थित गंगदी खोलामा आएको बाढीले ट्र्याक्टर बगाउँदा स्थानीय छेदुराम चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ । खोलामा आएको बाढी कम भएपछि दिउँसो ट्याक्टर निकाल्ने क्रममा चौधरीको शव ट्याक्टरले च्यापिएको अवस्थामा फेला परेको थियो । खोलाको बाढीले ट्याक्टर बगाउँदा स्थानीय २४ वर्षीय राजकुमार चौधरी र २३ वर्षीय महेश यादव सामान्य घाइते भएको प्रहरीले जनाएको छ ।

**घोराही-तुलसीपुर सडकखण्ड अवरुद्ध**

सेवार खोलाको डाइभर्सन बाढीले बगाएपछि घोराही-तुलसीपुर सडकखण्ड अवरुद्ध भएको छ। बाढीले शनिबार बिहान घोराही उपमहानगरपालिका-१६ स्थित सेवार खोलाको उक्त डाइभर्सन बगाएपछि सडकखण्ड अवरुद्ध भएको हो ।

डाइभर्सन बगाएपछि जिल्ला प्रशासन कार्यालय दाङले सूचना जारी गरी वैकल्पिक सडक प्रयोग गर्न यात्रुहरुलाई अनुरोध गरेको छ। सेवार खोलामा हाल पुल निर्माणको काम अधुरो रहेको बताउँदै दाङका प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदीले वैकल्पिक सडक प्रयोग गर्न अनुरोध गरेका छन् ।

डाइभर्सन बगाउँदा आवतजावत ठप्प भएको छ । पानी परिरहेकाले डाइभर्सन तत्काल बनाउन सकिने अवस्था छैन। घोराही उपमहानगरपालिका-१६ सेवार खोलामा निर्माणाधीन चार लेनको पक्की पुल अधुरै रहँदा यात्रुहरु मारमा परेका छन् ।






मध्यान्ह
www.madhyanhadaily.com
२३ असार २०८१, आइतबार
7 July 2024, Sunday

## सम्पादकीय

# प्राथमिकतामा जीवन रक्षा

मनसुन सक्रिय हुँदा देशभर भएको भारी वर्षाले नराम्ररी जनजीवन प्रभावित भएको छ । शनिबार राजधानी उपत्यकाको नदी किनारा क्षेत्र डुबानमा परेको थियो । बागमती, विष्णुमति, धोबीखोला, मनोहरा लगायत खोलाको किनार क्षेत्र डुबानमा पर्नुका साथै कयौं बस्ती जलमग्न भयो । खोला किनारमा रहेको सुकुम्बासी बस्ती डुब्दा कयौं परिवारको जनजीबन कष्टकर बन्यो । जल तथा मौसम विज्ञान विभागका अनुसार, राजधानी उपत्यकाकै जस्तो बर्षा देशभर भइरहेको छ । बागमती, गण्डकी र लुम्बिनी क्षेत्रमा तुलनात्मक बढी बर्षा भइरहेको छ । यी तीन प्रदेशपछि कर्णाली र सुदूरपश्चिम प्रदेशतिर भारी बर्षा हुने अनुमान गरिएको छ । भारी वर्षाका कारण राजधानी उपत्यका जस्तै समथर भू–भाग रहेको क्षेत्र डुबानमा परेको छ ।

पहाडी क्षेत्रमा बाढीपहिरोको समस्या देखिएको छ । बाढी पहिरोका कारणले ज्यान गुमाउनेको संख्या बढिरहेको छ । एकीकृत सूचना संकलन हुन बाँकी रहेपनि बितण्डा नरोकिएकाले क्षति बढ्न सक्ने सहज अनुमान गर्न सकिन्छ । डुबानबाट भौतिक संरचनामा पुग्ने क्षति भन्दा पनि मानवीय जीवन रक्षा यसबेला चिन्ताको विषय बनेको छ । भिरालो जमिनको बस्ती बढी जोखिममा छ । लगातारको बर्षाका कारणले जाने पहिरोबारे पूर्वानुमान गर्न सकिन्न । तसर्थ पहिरोको उच्च जोखिममा रहेको बस्तीका नागरिकको जीवन रक्षा आमचिन्ताको विषय बनेको छ । किनारामा रहेका बस्तीलाई पहिरो र बाढी दुवैको पीर छ ।

मौसमविद्हरूले भने यो वर्ष अहिलेसम्म भएको बर्षालाई अपेक्षित नै भनेका छन् । मनसुन सक्रिय रहेका बेला यतिको बर्षा हुनुलाई सामान्य लिनुपर्ने उनीहरू बताउँछन् । तर यो वर्ष सरदर भन्दा बढी बर्षाको अनुमान गरिएको छ । जुलाईदेखि सेटेम्बरसम्मको महिनालाई त्यसैपनि बढी बर्षा हुने महिनाका रूपमा लिइन्छ । तसर्थ अहिले भइरहेको बर्षालाई स्वभाविक रूपमा लिनुपर्छ । बर्षा त्यसैपनि प्रकृतिको नियमित चक्र हो । प्रकृतिलाई सन्तुलनमा राख्ने नियमित क्रिया अन्तर्गत नै मनसुन सक्रिय हुनु र बर्षा हुनु पनि हो । तर प्रकृतिको यस्तो नियमित चक्रले मानवीय संरचनालाई भने नराम्रोसँग प्रभावित तुल्याउने गर्छन् । जसबाट जोगिनु मानवीय कर्म हो । सँगै, नागरिकको जीवन रक्षा राज्यको दायित्व पनि हो । प्रकृतिलाई उसको सन्तुलनमा हिड्न दिने, तर सँगै नागरिकको जीवन रक्षामा आवश्यक ध्यान दिइनुपर्छ । बिगतका नजीरहरू भने खासै उत्साहजनक छैन । तसर्थ तीन तहकै सरकारले वर्षाबाट सिर्जना हुने संकटबाट नागरिकको जीवन रक्षाको विकल्पमा आवश्यक प्रबन्ध मिलाउनुपर्छ ।

# असल व्यक्ति निर्माणको खाँचो

*जबसम्म व्यक्ति र परिवारलाई सही बनाउन सक्दैनौं, तबसम्म हाम्रो समाज र देश सही हुन सक्दैन । देशलाई समग्रतामा सही ठाउँमा लैजान व्यक्ति, परिवार र समाज सही हुनुपर्छ । अहिलेको आवश्यकता व्यक्तिभित्र कसरी देशप्रतिको प्रेम जगाउने भन्नेमा हो ।*

अग्रलेख



● शिव कुमार श्रेष्ठ

हाम्रो जिन्दगीको संघर्षबाट नै हाम्रो क्षमताको विकास हुने हुनाले संघर्ष बिना हामी कहिल्यै अघि बढ्न र मजबुत हुन सक्दैनौ । त्यसैले हामी आफैंले चुनौतीको सामना गर्नु सर्वोत्तम हुन्छ । अरूको मद्दतमा भरपर्नु हुँदैन । नयाँ व्यवस्थाले सृजित नयाँ स्थानहरूमा नयाँ अनुहारको प्रवेश त भयो तर, निर्वाचित पात्रहरूले सत्ताको राप र तापमा हिजो साथ लिएका जनता र गरेको प्रतिबद्धता सबै बिर्सिए । आशा र भरोसामा रहेका नेपालीको मुहारमा कहिले हाँसी खुसीका दिन आएन । भगवान बुद्धले भनेका छन् कि हामी सबै प्रकारको दुःखका लागि हामी आफै जिम्मेवार छौँ । छ वटा ठुला शत्रु काम, क्रोध, लोभ, मोह, ईर्ष्या र द्वेषले नै दुःख, तनाव, निराशा र अशान्ति पैदा गर्छ । तर, शत्रु भने छाया जसरी हामी सँगै हिँडिरहेको हुन्छन् । जसले मन अनियन्त्रित बनाउने बित्तिकै हामीलाई चेपी हाल्छ । त्यसैले असली शत्रु बाहिर नभएर हाम्रो भित्री दुर्भावना मात्र हो । त्यसैले मुक्तिका लागि मनमा सादा जीवन उच्च विचार राख्नुपर्छ । आफ्नो सारा शक्ति लक्ष्य प्राप्तिको लागि लगाउनु पर्छ । जबसम्म सत प्रतिशत शक्ति लगाउनु हुन्न, तबसम्म जीवन सुखी, सम्मानित र सफल हुँदैन । बाटोमा जतिसुकै ढुङ्गा भए पनि जुत्ताले सुरक्षा दिन्छ । तर, जुत्ताभित्र एउटा सानो ढुङ्गा भए पनि हिँड्न निकै गाह्रो हुन्छ । त्यसैले बाहिरी नभएर आफूभित्रको शत्रुसँग लड्न जरुरी छ ।

मानिस बाहेक कुनै पनि प्राणीमा काम, क्रोध, लोभ, मोह, ईर्ष्या र द्वेषको भाव हुँदैन । बाहिरी कुनै पनि स्थितिले हाम्रो आन्तरिक आनन्दमा कमी गर्न सक्दैन । जसरी तोरीमा तेल र नौनीमा घ्यू रहन्छ, त्यस्तै दिव्य आनन्द हाम्रोभित्र रहन्छ । आनन्द बिना एक क्षण पनि बाँच्न मानिसलाई इच्छा हुँदैन । जीवनको अन्तिम लक्ष्य नै आनन्द प्राप्त गर्नु हो । अति व्यस्तता अज्ञानता र अहंकारले हाम्रो जीवनमा असन्तुलन पैदा गर्छ । सम्बन्ध यस्तो चक्रव्यूह हो । जसलाई अगाडि बढाउन जानियो भने युद्ध जितिन्छ, जानिएन भने त्यसैमा फसिन्छ र मरिन्छ पनि पहिलेको तुलनामा सम्बन्ध बिच्छेदको घटना ह्वात्तै बढेको छ । यसलाई स्वतन्त्र हुँदैछन् भनेर खुसी मान्नुपर्छ । सम्बन्ध विच्छेद हुनु भनेकै अर्को नयाँ सम्बन्ध स्थापित हुनु हो । त्यसमा रोइलो गर्नु पर्ने केही छैन । हाम्रो रहन सहन र चाल चलनका कारण पनि सम्बन्ध परिवर्तन हुँदै गएको ठहर छ ।

आमा बुवाले छोराछोरीलाई हेर्ने दृष्टिकोण पनि परिवर्तन आएको छ भने सासुले बुहारीलाई हेर्ने, व्यवहार गर्ने हरेक कुरामा परिवर्तन आई विकसित समाजतिर उन्मुख भएको पाइन्छ । आजका छोरी, बुहारी शिक्षित र आत्मनिर्भर हुन्छन् । उनीहरू जीवनसँग जोडिएका महत्वपूर्ण निर्णय गर्न पनि सक्षम भइसकेका हुन्छन् । समयको साथ साथै सम्बन्धप्रतिको संवेदनशीलता पनि अझै बढिरहेको छ । आजका पुस्ताको पारिवारिक सम्बन्धमा सहजता कायम रहेको बुझिन्छ । हर कुरा राम्रो नराम्रो देखिने हेराइ मात्र हो । त्यो पनि कुरालाई हामीले कसरी हेर्छौं भन्ने मात्रामा भर पर्दछ । यसरी हामीले प्रेमको चस्मालाई ठुलो बनायौं भने हामी कसैलाई पनि नराम्रो नजाती देख्दैनौ । नीच, होचो गर्दैनौ, एक अर्काप्रति वैमनस्यता बढाउँदैनौ । किन भने प्रेमले सबैलाई आनन्द बनाउँछ ।

पीडाहरू बाँड्न नसके पनि अलिकति पीडा सुनिदिँदा पनि मान्छेको मुहारमा प्रफुल्लता देख्दा मनमा आनन्दको भाव जाग्छ । हाम्रो समाजमा यस्ता मान्छेहरू पनि छन् । जो जीवनको अर्थ सामाजिक काम गर्न खोजिरहेका छन् । आफ्ना आत्मसन्तुष्टि पनि यसैमा भेटाइरहेका छन् । अनि जीवनदेखि खुसी छन् । सुख जति बाँड्यो उत्ति बढ्छ । दुःख जति बाँड्यो उत्ति घट्छ । आफूसँग भएका कुरालाई नराम्रो सम्झिने प्रवृति हटाउनु पर्छ । हामी जहाँ जान्छौं, त्यहाँ हाम्रो संस्कार पनि लैजाने गर्नु पर्दछ । हामीमा भएका राम्रा कुरालाई अनुसरण गर्ने गर्नुपर्दछ । जब हामी यसरी घर गाउँको संस्कार, संस्कृति अपनाउँछौं विकासको क्षेत्रमा लगानी गर्छौं, सबैमा आफ्नोपन आउँछ । अनि सबै सम्बन्धहरू फेरि जोडिन थाल्छ । जब मनमा अन्धकार र घोर निराशा छाउँछ, त्यतिबेला आफ्नो भन्ने कोही हुँदैन, आत्मीयताले मन खुसी हुन्छ । त्यहाँ निराशा, दुःख, तनाव अनिद्रा हुँदैन । त्यसकारण हामी फेरि आफ्नो मान्छेसँग जोडिनु बढी घुलमिल हुनु आवश्यक छ । हामीले सम्बन्ध प्रगाढ बनाउन बोली सुनेर, भेटघाट गरेर, अंकमाल गरेर, उसको सामीप्य बसेर उसको भावना बुझेर गर्न सक्छौं । ध्यान गर्ने व्यक्तिले गर्ने काममा उत्पादनशीलता बढाउँछ ।



*नयाँ व्यवस्थाले सिर्जित नयाँ स्थानहरूमा नयाँ अनुहारको प्रवेश त भयो, तर निर्वाचित पात्रहरूले सत्ताको राप र तापमा हिजो साथ लिएका जनता र गरेको प्रतिबद्धता सबै बिर्सिए । आशा र भरोसामा रहेका नेपालीको मुहारमा कहिले हाँसी खुसीका दिन आएन ।*

हामीलाई परिवार र समाज चाहिने हो । हामीलाई अप्ठ्यारो पर्दा नै हाम्रो संस्कार र संस्कृति चाहिने हो । ज्यादै अप्ठ्यारा अति बानी हुँदा एक अर्कासँग मन नजोडिँदा मात्र फरक कुरा हो । तर, अधिकांश अवस्थामा विदेशमा र स्वदेशमा जोडी वा परिवार टुक्रिनुमा मुख्य कारण संवादको अभाव नै हो । एकअर्कामा भएको मन मुटावलाई सामान्यीकरण गरिदिने व्यक्तिको अभावको कारण यस्तो दुर्घटना हुनेगर्छ । परिवार भइसकेपछि एउटा बृहत् वृत्त बन्छ । तर, विदेश वा स्वदेशमा आफूलाई मात्र वृत्तमा राख्ने प्रवृत्ति हुन्छ । यस्तो वृत्त अर्थात् म वृत्तलाई बृहत् बनाउन नसक्दा वा हामी वृत्तमा म वृत्त एकाकार हुन नसक्दा परिवार टुक्रिन्छ । हामी वृत्तको अर्थ एक अर्काको भावना बुझ्ने प्रवृत्ति हो ।

विदेशबाट शैक्षिक योग्यता प्राप्त गरौं, शिल्प बढाऔं तर, त्यसको प्रयोग स्वदेशमा नै गरौं । आफ्नो देशमा फर्केर यही माटोको सेवा गरौं । यहाँ भावना छ, माया छ अनि सुख र दुःखमा साथ दिने परिवार छ । के हो परिवार जोडने सूत्र ? यसको सरल सूत्र छ । मायाले जोड्ने हो सबैलाई आपसी सद्भाव स्नेह र सबैको उन्नतिमा भलो चिताउने सोचले परिवार जोड्छ ।

अहिल्यै सहरीकरण, मानिसको जीवन शैली र अर्थोपार्जनका कारण आम मानिस बजारसँग जोडिएका हुन्छन् । सहरको भिडमा बस्दा मानिसले एक्लोपन महसुस गर्छ र आफन्तहरू खोज्न थाल्छ । आफन्तहरू खोज्ने भनेको नजिकका नाताहरू हुन पछिल्लो समय सामूहिकताको भावनाले एक अर्कामा जोड्ने काम भइरहेछ । कतिपय परिवार पहिलेको वैमनुस्यतालाई बिर्सेर आपसी मेल मिलाप गरेका छन् । परिवारलाई इन्ट्याक्ट राख्ने पक्ष भनेको मानिसले मानिससँग सम्बन्ध र सम्पर्क राख्न चाहिने सोच र चिन्तन हो ।

वैवाहिक सम्बन्धहरू वंशाणुगत नातागोतालगायतका कुराले हरेक मानिस एक अर्कासँग जोडिएको हुन्छ । विभिन्न संस्कारहरूमा आयोजना हुँदा जात तथा नातेदारप्रति एकता भाव देखाउन उपस्थित जनाउने गरेको पाइन्छ । देखावटी रूपमा भए पनि हिजो आज विभिन्न जातजातिका कुल पूजा गर्दै आफ्नो गोतियार र नातागोता बिच एकता कायम गर्न खोजेको जस्तो देखिन्छ । कतिपय जातजाति र समुदाय आफ्नो जातलाई कसरी उत्थान र संवर्द्धन गर्न सकिन्छ भन्ने सोच र चिन्तनले सामूहिक भावनाको विकाश भई भेटघाट र सङ्गठित भइरहेका छन् । यस्ता प्रकारका प्रचलन बृहतरूपमा आफ्नो परिवारलाई इन्ट्याक्ट (-) राख्ने सोच र चिन्तनका उपज हुन् । जिब्रोको गरिमा मिठो बोलीमा भनेको त्यसै होइन । जिब्रो कुनै फलामले बनेको हुँदैन । तर, जिब्रोको धारले मुटु छिया छिया पार्दछ । संसारका मानव जाति तीन कुरामा भर पर्दछन् । १. छिमेकी २. साथीहरू ३. नाता, यी तीन थरीका मानिसमध्ये पनि तीन प्रतिशत मानिस असल विचार र तीन थरिका मानिसमध्ये पनि तीन प्रतिशत मानिस असल विचार र असल स्वभावका हुन्छन् । भने बाँकी ९७ प्रतिशत मानिस खराब विचार र खराब आचरण राख्दछन् ।

आजका युवा वर्गले ज्येष्ठ नागरिकको अनुभव र ज्ञान हामी सबैलाई प्रेरणा र मार्ग निर्देशन भएको हुँदा यसको सदुपयोग गरी अघि बढ्न बुद्धिमानी ठहरिन्छ । कुनै पनि व्यक्ति संघ संस्था वा देशले प्रगति गर्न थाले पछि अलि बढी अहम् भावना जागृत हुन थाल्दछ । तर, त्यो प्रगतिसँगै विनयशील हुन सक्दा थप प्रगतिको निम्ति बाटो तयार हुन्छ । तसर्थ, आफ्नो सम्बन्धहरू सुमधुर र सफल बनाउन आजका युवा वर्ग सृजनशील, विनयशील, नम्र र मृदुभाषी भई परिवार, समाज र देशलाई स्वर्ग बनाउन तर्फ लाग्नुपर्छ ।

## सामाजिक सञ्जाल



**- माधव ढुंगेल**

बेलायतको संसदीय चुनावमा भारी बहुमतका साथ वामपन्थी दल- लेबर पार्टीले जीत हासिल गरेको छ । केइर स्टारमर प्रधानमन्त्री बन्दैछन् । राजनीतिमा लागेको सात वर्षमै सत्ताको शिखर चुमेका प्रधानमन्त्री ऋषि सुनकको कन्जर्वेटिभ पार्टीको पपुलिजमको राप सेलाएको छ ।



**- सेतेमान तामाङ**

जसले जेसुकै भनोस् ! हामीसँग न विचार रह्यो, न नैतिकता, न भिजन (दुरदर्शिता) छ, न जिम्मेवारीता हुँदाहुँदै कोही कसैसँग न आशा, र अपेक्षा, न भरोसा र धैर्यता गर्ने ठाउँ रह्यो, आखिर जसलाई जे मन लाग्यो उहीँ ठग्ने, लुट्ने र ढाँट्ने बाहेक अब केही बाँकी रहेन ।



**- मुमाराम खनाल**

नेपालमा शिक्षाबारे 'श' पनि नबुझेको मान्छेले सधैँ (दलीय आग्रहअनुसार) शिक्षा मन्त्रीहरूलाई भन्छन्- यस्तो पो शिक्षामन्त्री । आजसम्म कुनै शिक्षाबारे ठिक ठाक मात्र । जानकार व्यक्तिले पनि कुनै शिक्षामन्त्रीको नीतिलाई ठीक भनेको भने पाइँदैन । हुँदै नभएको कुरा पाइने पनि कुरै भएन ।



**- निलाम्बर आचार्य**

दलहरू मिलेर बहुमतको सरकार बनाउँदा लिनुपर्ने विश्वासको मत एउटा हो । दलहरू छुट्टिदा लिनुपर्ने विश्वासको मत सर्वथा अर्कै हो । संविधानमा धारा नै फरक छन्, परिणाम पनि फरक । बहुमत पाएको सरकारले बहुमत गुमाउँदा सोझै ठूलो दलमा जाँदैन । धारा १००(२) र ७६(३) राम्ररी पढौं, भ्रममा नरहौं ।

## तपाईंको राशिफल

मेष : घरेलू जिम्मेवारी बढ्नेछ । आर्थिक पक्ष मजबूत हुनेछ ।

वृष : कार्यमा अनावश्यक खर्च हुनेछ । विरोधी सक्रिय रहनेछ ।

मिथुन : सरकारी सहयोग प्राप्त हुनेछ । दैनिक कार्यमा ध्यान दिनु होला ।

कर्कट : सन्तान सुख प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।

सिंह : अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । स्वास्थ्य राम्रो रहनेछ ।

कन्या : सन्तानको सुखमा वृद्धि हुनेछ । धैर्यता बढ्नेछ ।

तुला : बुवाको स्वास्थ्यमाथि ध्यान दिनुपर्छ । स्थानान्तरण हुने योग छ ।

वृश्चिक : नातागोताको सहयोग प्राप्त हुनेछ । वाणी संयम जरुरी छ ।

धनु : पारिवारिक सदस्यहरूमा वृद्धि हुनेछ । लाभको अवसर प्राप्त हुनेछ ।

मकर : शुभ समाचार प्राप्त हुनेछ । धन आर्जनमा वृद्धि हुनेछ ।

कुम्भ : वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ ।

मीन : नाता-गोतासँग भेटघाट हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सत्ता खेलभित्रको अन्तर्य

विचार



● लेखराज रेग्मी

हामीले धेरै पटक कुरा उठायौं, शान्ति सम्झौतापछि नेपालमा लगातार २०६२/६३ को आन्दोलनका उपलब्धि उल्ट्याउने खेल भइरहेका छन् । तर, हाम्रा दम्भले यो स्वीकार गर्ने कुरा थिएन । कटवाल काण्डपछि पार्टी तीन धारमा देखियो । १) सम्झौता गरेर जाने, मेलमिलाप बढाउने र बाह्य शक्तिसँगको सहकार्यमा आन्तरिक शक्ति सन्तुलन व्यवस्थित गर्ने । यो बुझिने खालको बुर्जुवा सुधारवादी कार्यक्रम थियो । २) कुनै सम्झौता हुँदैन, सबैलाई पेलेर जाने, प्रतिवाद गर्ने प्रतिकार गर्ने एक्लै उठ्ने र अरूहरू या त पछि लागेर आउनेछन् वा समाप्त हुनेछन् । जनतालाई पछि लगाउन सकिन्छ, तुरुन्त 'अक्टोबर क्रान्ति' थालिहाल्ने । यस्तो चिन्तनमा (क) जडशुत्रवादको, (ख) अहङ्कार र मनोगत वादको छनक आउँथ्यो । ३) पार्टीमा बलियो पकड बनाउने त्यसपछि अनुकूलताको आधारमा जे पनि गर्न सकिनेछ । यो तीन लाइन सङ्घर्षपछि आलोपालो दुई लाइन सङ्घर्षमा फेरिँदै गयो ।

तर कटुवाल काण्डको सन्देश ठिक ढंगले बुझेर कार्यनीतिक सिफ्ट पार्टी एकताको आधारमा हुनुपर्ने थियो, त्यताभन्दा लाभ र अवसरको विषयमा खिचातानी र छिनाझपटी बढ्न थाले । हामीले पालुङटारमा चौथो फोरममा उभिएर (यो सामूहिक र संस्थागत रूपमा आउन चाहिरहेको थिएन) आफ्ना बिचार धारणा र सुझाव राखेका थियौँ । हामीले लिखित बुझायौँ पनि । संयोगवश आज त्यसको कपी हामीसँग छैन । पार्टीमा अभिलेख हुनुपर्ने हो तर, पार्टी संस्थागत नरहेको र झुन्डहरूको थुप्रो मात्र भएको कारण त्यस्तो सम्भावनाप्रति त्यति आशावादी रहन सकिने ठाउँ त्यति छैन ।

कटुवाल काण्डले नेतृत्व (सामूहिक) एलेण्डे बन्ने साहस गर्दैन भन्ने देखाइसकेको थियो । तीन तिर तितरबितरको स्थिति यसै कारण देखिएको थियो । यस पटक बोलिभियाले देखायो सुराको मुटुमा काँढा बिझ्दैन । नेपालमै पनि पञ्चायती कानुन, सरकार र राष्ट्रिय पञ्चायतको विघटन अन्तरिम कानुन, अन्तरिम सरकार र संविधान सुझाव आयोग एकेडेमी वार्ताबाट प्राप्त हुन सकेको हो, आन्दोलनको नेतृत्व त्रि ध्रुवीय विभाजनमा नफसेको र तत्कालीन बाम मोर्चाले बलियो अडान लिन सकेको भए सायद संविधान सुझाव आयोगको स्थानमा संविधानसभाको चुनाव नै हुन सक्थ्यो तर, एकेडेमी वार्ताका प्रविधिहरू सम्झौता गरेर उठेपछि त्यस्तो सपना देख्नुको अर्थ थिएन । गणतन्त्रको एजेन्डाले नै माओवादीलाई पहिलो संविधानसभामा झन्डै एकल बहुमतको स्थितिमा पुर्‍याएको थियो ।

संविधानसभा निर्वाचनमा तत्कालीन जनमोर्चा नेतृत्वले नेकपा (एमाले) र माओवादीको त्रिपक्षीय अहंकारसँग प्रतिस्पर्धा गर्नुपरेको थियो । जसकारण उसले निर्णायक भूमिका निर्वाह गर्न सकेन । जनमोर्चाको विभाजन र तत्जन्य स्थिति आजको राजनैतिक वियोगान्तको एउटा कारण बन्यो । यसको पनि समीक्षाको समय आयो भन्ने लागिरहेको छ । हामीले विभाजन रोक्न सम्भव जति मेहनत गरेका थियौँ । पूर्वाग्रहविहीन रहने मित्रहरूले सायद यसलाई बिर्सिनु भएको छैन होला । यसले चुनावी नतिजामा केही सकारात्मक स्थिति बन्नु सम्भव थियो । आज पार्टी विभाजनका छद्म कारणहरू खोज्न र भेटाउन सकिएला र निमित्त कारणहरूको महत्व र अर्थ पनि खुल्न सक्ला ।

सायद, यो विषय तत्कालीन माओवादी पार्टीको सरोकारको विषय थिएन र सिक्ने विषय बनेन, दोस्रो संविधान सभा निर्वाचनको मुखमा पार्टी विभाजन भयो । आज प्रतिगमनका प्रयत्नसँग जुध्न कमसेकम पूर्व 'माओवादी' एकजुट हुनसक्ने स्थिति विकास हुन सकेको छैन भने 'वामपन्थी' दलहरूभित्रै बाट प्रतिगमनका सहयोगी भेटाइने सम्भावना इन्कार गर्न सकिने आधार बनेको छैन । नेपाली कम्युनिस्ट आन्दोलनमा यो गम्भीर समीक्षाको विषय बन्न सक्नुपर्छ । जसले एल्त्सीन र देङमाथि विश्वास गरेनन् र रुस र चीनको विसर्जनको सपना बोकिरहेका छन्, विगतमा चिली, इन्डोनेसिया र हालैको गाजाको नरसंहार बाट सिक्न नचाहनु नेपाली कथित कम्युनिस्टहरूको दुर्भाग्य बाहेक केही हुनेछैन जसले देश र जनतालाई अहित बाहेक केही गर्नेछैन ।

यस पटक फेरि जुन खालको फोहरी संसदीय नौटङ्की देखा पर्दैछ, यी हाम्रा होइन बाह्य र आन्तरिक पश्चगामी गेम प्लानको आधारमा भइरहेको छ । यसको उद्देश्य वैश्विक अस्थिरता उत्पन्न गर्ने दाउपेच बाहेक केही होइन । सबैभन्दा अविश्वसनीय पात्रको रूपमा प्रचण्डको भ्रष्टीकरण साम्राज्यवादी एजेन्डा हो र जनतालाई दुस्मनको बाजाको तालमा नाचिरहेको प्रचण्ड देखाउने तानाबाना हो, यसले केपी शर्मा ओलीलाई क्षणिक सन्तुष्टि त होला तर, परिणाममा उनले पनि ठुलो क्षति बेहोर्नेछन् । आफूलाई रुसको पक्षमा देखाउने भारतमा दलाई लामा र अमेरिकी प्रतिनिधिको वार्ता जस्तै देखिने बार्दली वार्ता नेपालीहरूको लागि लाजको पसारो भइरहेको छ । र प्रचण्ड सरकारका स्पष्टीकरणले त गम्भीर भ्रमहरू पैदा गरिरहेको छ । वास्तवमा, यो पनि वैश्विक घटनाक्रमको एउटा हिस्सा हो र यसलाई नेपाली जनताबिच नङ्गाउन सक्नुपर्छ ।

ठेस लाग्ने र टाउको बेसरी ठोकिने सम्भावना बढेको छ । ब्यूझनु र सही बाटो खोजेर घरभित्र सकुशल पस्नु यस्तो निरीह कामना जनताको बिचमा देखिन्छ । यही कुरा हिजो वा आज ओली-प्रचण्ड गठबन्धनप्रतिको जनताको कामना रहेको छ । त्यसकारण जनताका अपेक्षा हाम्रा सपनाभन्दा यथार्थ छन्, आफूलाई कम्युनिस्ट भन्न रुचाउनेहरूको खास गरी लेनिनवादी या माओवादी भन्न चाहनेहरूको बेलैमा चेत खुलोस् ।

*(रेग्मी, माओवादी केन्द्रका नेता हुन् ।)*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# इरानको राष्ट्रपतिमा पेजेस्कियन निर्वाचित



**काठमाडौं/एजेन्सी-** इरानका सुधारवादी उम्मेदवार मसूद पेजेस्कियनले शनिबार अल्ट्रा कन्जरभेटिभ सईद जलिलीको विरुद्ध दोस्रो चरणको राष्ट्रपतीय चुनावमा जित हासिल गरेको आन्तरिक मन्त्रालयले जनाएको छ ।

पेजेस्कियनले एक करोड ६० लाखभन्दा बढी र जलिलीले एक करोड तीन लाखभन्दा बढी मत प्राप्त गरेको निर्वाचन अधिकारीका प्रवक्ता मोहसेन एस्लामीले बताए । उनका अनुसार निर्वाचनमा ४९.८ प्रतिशत मतदान भएको थियो भने रद्द भएको मतपत्रको संख्या ६ लाखभन्दा बढी रहेको थियो ।

जितपछि विजयी पेजेस्कियनले आफ्ना समर्थक तथा मतदाताहरुलाई धन्यवाद दिँदै सबैलाई मित्रताको हात दिने र सबै यस देशका जनता भएकाले देशको प्रगतिको लागि प्रयोग गर्नपर्ने सरकारी टेलिभिजनमार्फत उल्लेख गरे ।

हेलिकप्टर दुर्घटनामा राष्ट्रपति इब्राहिम रायसीको मृत्यु बोलाइएको चुनाव, गत हप्ता ऐतिहासिक गरेको पहिलो चरणपछि सर्वोच्च नेता आयातोल्लाह अली खामेनेइले चुनावको महत्वलाई जोड दिँदै बढी दास्रो चरणको मतदान आह्वान गरेका थिए ।

सुधारवादी समर्थनका-गत हप्ताको पहिलो चरणमा, पेजेस्कियन, अनुमति दिइएको एक मात्र सुधारवादीले सबैभन्दा धेरै (४२ प्रतिशत) मत प्राप्त गरी विजय प्राप्त गरे भने जलिली लगभग ३९ प्रतिशतको साथ दोस्रो स्थानमा आएको इरानको चुनाव प्राधिकरणको तथ्यांकले देखाएको छ ।

इरानको ६ करोड १० लाख योग्य मतदातामध्ये ४० प्रतिशतले मात्र पहिलो चरणमा भाग लिएका थिए । सन् १९७९ को इस्लामिक क्रान्तिपछि भएको कुनै पनि राष्ट्रपतीय निर्वाचनमा सबैभन्दा कम मतदान हो ।

हालैसम्म अज्ञात रहेका सापेक्ष पेजेस्कियनको उम्मेद्वारले रुढीवादी र अति रुढीवादी शिविरहरुको वर्षौंको प्रभुत्वपछि इरानका सुधारवादीहरुको आशा बढाएको छ ।

इरानको मुख्य सुधारवादी गठबन्धनले पेजेस्कियनलाई समर्थन गरेको थियो भने पूर्वराष्ट्रपति मोहम्मद खातमी र हसन रुहानीले समर्थन गरेका थिए ।

मुटुका शल्यचिकित्सक पेजेस्कियनले इरानलाई अलगावबाट बाहिर निकाल्न आणविक सम्झौतालाई पुनःजीवित गर्न पश्चिमी देशहरुसँग रचनात्मक सम्बन्धका लागि आह्वान गरेका छन् ।

जलिली इरानका पूर्वआणविक वार्ताकार भएकाले उनको असम्वद्ध पश्चिम विरोधी दृष्टिकोणका लागि व्यापक रुपमा चिनिन्छ ।

शुक्रबारको रनअफ अघि, पेजेस्कियन र जलिलीले दुई टेलिभिजन बहसमा भाग लिँदा कम मतदान, साथै इरानको आर्थिक समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध र इन्टरनेट प्रतिबन्धहरुबारे छलफल गरेका थिए ।

पेजेस्कियनले इन्टरनेट प्रतिबन्धहरु कम गर्ने र महिलाका लागि अनिवार्य हेडस्कार्फ लागू गर्ने प्रहरी गस्तीलाई पूर्णरुपमा विरोध गर्ने वाचा गरेका छन् । सन् २०२२ मा प्रहरी हिरासतमा महसा अमिनीको मृत्यु भएपछिको उच्च-प्रोफाइल मुद्दा बनेको थियो । इरानी कुर्दलाई ड्रेस कोड उल्लंघनको आरोपमा हिरासतमा लिइएको थियो भने उनको मृत्युले महिनौंको देशव्यापी अशान्ति निम्त्याएको थियो ।

# जापान र कम्बोडियाको सहकार्यमा युक्रेनबाट बारुदी सुरुङ हटाइने




**काठमाडौं/एजेन्सी-** जापानका विदेशमन्त्री योको कामिकावाले युक्रेन र अन्य युद्धग्रस्त मुलुकबाट बारुदी सुरुङ हटाउन कम्बोडियासँग मिलेर काम गर्ने बताएका छन् । कम्बोडियामा सन् १९९८ मा समाप्त भएको करिब तीन दशक लामो द्वन्द्वमा लाखौं बारुदी सुरुङ बिछ्याइएको थियो ।

दक्षिणपूर्वी एशियाली मुलुक कम्बोडिया बारुदी सुरुङ व्यवस्थापनका लागि विश्वका केही अग्रणी मुलुकमध्ये एक हो । कम्बोडियाले सन् १९९८ देखि जापानसँग हतियार हटाउने काममा सहकार्य गरिरहेको छ ।

'कम्बोडिया जापानको विश्वव्यापी बारुदी सुरङ हटाउने प्रयासमा एक आवश्यक साझेदार हो,' कामिकावाले एक पत्रकार सम्मेलनमा भने, 'मलाई विश्वास छ, कम्बोडियाले कर्मचारी-विरोधी बारुदी सुरङहरुको अमानवीयताको बारेमा जागरुकता बढाउन ठूलो योगदान पुऱ्याउनेछ ।'

जापानले अर्को हप्ता युक्रेनलाई एउटा ठूलो 'डिमिनिङ मेसिन' उपलब्ध गराउने र अगस्टमा कम्बोडियामा युक्रेनी निकायहरुलाई उपकरण कसरी प्रयोग गर्ने भनेर प्रशिक्षण दिने उनले बताए ।

कम्बोडियाली माइन एक्सन सेन्टर (सीएमएसी)का महानिर्देशक हेङ रतनाले पत्रकारसँग भने, 'उहाँको संगठन र स्थानीय डेमिनरहरुले यस महत्वपूर्ण पहलप्रति गर्व गरेका छन् र सहयोगको नयाँ रणनीतिलाई दृढतापूर्वक समर्थन गर्दछन् । कम्बोडियाली सरकारको नीतिअनुसार बारुदी सुरङ र युद्धका अवशेषको समस्या भएका देशसँग अनुभव आदानप्रदान गर्न पाउँदा हामी हर्षित छौं ।'

सन् २०२२ मा रुसले आक्रमण गरेदेखि नै बारुदी सुरुङ र विष्फोटक पदार्थले भरिएको युक्रेनमा बारुदी सुरुङ विस्फोटका कारण हुने मृत्यु प्रायः सर्वसाधारण र सैनिकमा हुने गरेको छ । ह्युमन राइट्स वाचका अनुसार युक्रेनका २७ क्षेत्रमध्ये ११ क्षेत्रमा बारुदी सुरङको अभिलेखीकरण गरिएको छ । रुसी सेनाले सन् २०२२ को फेब्रुअरीदेखि अहिलेसम्म कम्तीमा १३ प्रकारका 'एन्टी पर्सनल माइन' प्रयोग गरेको बताइएको छ ।

यसैबीच कम्बोडियामा सन् १९६० को दशकदेखि सुरु भएको दशकौं लामो युद्धका कारण फ्याँकिएका गोलाबारुद र हातहतियारले भरिएको छ । सन् १९७९ यता करिब २० हजार जनाको बारुदी सुरुङ विष्फोट भइ मृत्यु भएको र यसको दोब्बर संख्या घाइते भएको छ ।

गत वर्षको अगष्टमा देशको उत्तरपूर्वी क्षेत्रमा रहेको एक विद्यालयभित्र युद्धबाट बचेका हजारौं नफुटेका हतियार फेला परेका थिए । सन् २०१८ मा दक्षिणी कम्बोडियामा एक प्रशिक्षण अभ्यासका क्रममा युद्धकालमा भएको विस्फोटमा एक अस्ट्रेलियाली र एक कम्बोडियालीको मृत्यु भएको थियो । सरकारले सन् २०२५ सम्ममा सबै बारुदी सुरुङ र नफुटेका विस्फोटक पदार्थ सफा गर्ने प्रतिबद्धता जनाएको छ ।

# पाकिस्तानमा बजेटपछि मुद्रास्फीति बढ्यो



**काठमाडौं/एजेन्सी-** आर्थिक वर्ष २०२४-२५ को बजेट पेस भएपछि पाकिस्तानको मुद्रास्फीतिमा उल्लेखनीय वृद्धि भएको छ । पछिल्लो साप्ताहिक मुद्रास्फीति दर १.२८ प्रतिशतले बढेको एआरवाई न्यूजले रिपोर्ट गरेको छ ।

यसैगरी पाकिस्तान ब्युरो अफ स्ट्याटिस्टिक्स (पीबीएस)को पछिल्लो साप्ताहिक रिपोर्टअनुसार वार्षिक मुद्रास्फीति दर बढेर २३.५९ प्रतिशत पुगेको छ । प्रतिवेदनले गत हप्तामा २९वटा आवश्यक वस्तुको मूल्यमा भएको वृद्धिलाई प्रकाश पार्दै पाँच वटा वस्तुले स्थिर मूल्य कायम राखेको र १७ वटा वस्तुको मूल्यमा कमी आएको जनाएको छ ।

टमाटरको मूल्य ७०.७७ प्रतिशतले बढेर २०० पाकिस्तानी रुपयाँ प्रतिकिलोग्रामभन्दा बढी पुगेको छ । पीबीएसका अनुसार पिठोको मूल्य १०.५७ प्रतिशतले, पाउडर दूध ८.९० प्रतिशतले, डिजेल ३.५८ प्रतिशतले, पेट्रोल २.८८ प्रतिशतले र एलपिजीको मूल्य १.६३ प्रतिशतले बढेको छ ।

यस अवधिमा कुखुरा, दाल र लसुनको मूल्य पनि बढेको छ भने प्याजको मूल्य ९.०५ प्रतिशत र आलुको मूल्य १.०४ प्रतिशतले घटेको छ । जुलाई-१ को अघिल्लो रिपोर्टले उपभोक्ता मूल्य सूचकांक (सीपीआई) मुद्रास्फीति २०२४ मा १२.६ प्रतिशत पुगेको छ । जुन अघिल्लो वर्षको जुनमा २९.४ प्रतिशत थियो । मासिक आधारमा, सीपीआई मुद्रास्फीति २०२४ मा ०.५ प्रतिशतले बढेको छ, जुन अघिल्लो महिनाको ३.२ प्रतिशत र २०२३ मा ०.३ प्रतिशतले घटेको थियो ।

पाकिस्तानी सरकारले जुन-२९ मा अन्तर्राष्ट्रिय मुद्रा कोषको मापदण्ड पूरा गर्न आगामी आर्थिक वर्षमा थप राजस्व उत्पन्न गर्न धेरै क्षेत्रमा नयाँ कर उपायहरु घोषणा गर्दै विशिष्ट क्षेत्रमा छुट विस्तार गरेको थियो ।

पाकिस्तानका अर्थमन्त्रीले राष्ट्रियसभामा नयाँ उपायको घोषणासमेत गरेका थिए । यसमा इस्लामाबादमा सम्पत्तिमा पुँजी मूल्य कर लागू गर्नु, निर्माणकर्ता र विकासकर्तामा नयाँ कर उपाय समावेश भएको पाकिस्तानको स्थानीय दैनिकले रिपोर्ट गरेको छ ।

जुन-१२ मा राष्ट्रिय सभामा पेस गरिएको वित्त विधेयक २०२४ मा गरिएको संशोधनमा सरकारले डिजेल र पेट्रोलमा पेट्रोलियम विकास लेवी (पिडिएल)लाई पाकिस्तानी रुपैयाँ (पिकेआर) ८० बाट ७० पिकेआर प्रति लिटरमा झारेकोमा हालको पिकेआर ६० बाट बढाएको छ ।

विरोधका बाबजुद, निर्यातकर्ताले २९ प्रतिशतको मानक कर्पोरेट कर दर र लागू भएमा सुपर कर तिर्नेछन् । पाकिस्तानी पत्रिका डनको रिपोर्टअनुसार निर्यात कारोबारमा अघिल्लो एक प्रतिशत करको तुलनामा यो महत्वपूर्ण परिवर्तन हो । व्यक्ति र गैर व्यक्ति प्रतिवर्ष एक करोड पिकेआरभन्दा बढी कमाउने व्यक्तिको संघको आयकरमा १० प्रतिशत भारको अधीनमा हुनेछन् ।

गहिरो आर्थिक संकटमा, पाकिस्तानी संसदले भर्खरै नयाँ अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बेलआउटबीच आगामी आर्थिक वर्षका लागि कर-भारी वित्त विधेयक पारित गरेको छ ।

# भारतको बिहारमा चट्याङ लागेर १९ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी-** भारतको पूर्वी राज्य बिहारमा चट्याङ लागेर कम्तीमा १९ जनाको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएका छन् । पछिल्लो २४ घण्टामा राज्यका १० जिल्लामा मेघगर्जन र चट्याङसहित भारी वर्षा भएको थियो ।

वर्षाको समयमा खेतमा काम गर्ने र रूखमुनि आश्रय लिने व्यक्तिलाई चट्याङ लागेर धेरैको मृत्यु भएको अधिकारीले बताएका छन् । भारतको मौसम विभागले बिहारको उत्तरी, दक्षिणपूर्वी र दक्षिण मध्य भागहरूमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना रहेको भन्दै आगामी २४ घण्टाका लागि सावधानीका लागि सूचना (एलो अलर्ट) जारी गरेको छ । हरेक वर्ष मनसुन शुरु भएसँगै भारतमा चट्याङ लागेर सयौंको मृत्यु हुने गरेको छ ।

# लेबनान-इजरायल सीमा तनाव वृद्धिको चेतावनी



**काठमाडौं/एजेन्सी-** संयुक्त राष्ट्रसंघले शुक्रबार ब्लू लाइन भनेर चिनिने लेबनान-इजरायल सीमामा बढ्दो झडपबारे गम्भीर चिन्ता व्यक्त गरेको छ । लेबनानी र इजरायली सेनाबीच गोलीबारीको आदानप्रदान बढेपछि बढ्दो तनावलाई विश्व निकायले प्रकाश पारेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिवका प्रवक्ताको कार्यालयको टिप्पणी अनुसार बिहीबारको शत्रुताले पूर्ण-स्तरको युद्धको जोखिम बढाउँछ । नोटले संयमको आवश्यकतालाई जोड दिँदै युद्ध वृद्धि हुन सक्ने र यसलाई बेवास्ता गर्नपर्ने जनाएको छ ।

द्वन्द्वको खतरा दोहोऱ्याउँदै गलत गणनाको खतराले अचानक र व्यापक द्वन्द्व निम्त्याउने र राजनीतिक तथा कूटनीतिक समाधान नै अगाडि बढ्ने एक मात्र व्यावहारिक मार्ग हो भन्ने कुरामा जोड दिएको छ ।

सोही दिन लेबनानका लागि संयुक्त राष्ट्रसंघीय विशेष संयोजक जेनिन हेनिस-प्लास्चर्टले संसदका अध्यक्ष नबीह बेरी र प्रधानमन्त्री नजिब मिकाती लगायत प्रमुख लेबनानी अधिकारीहरूसँग ब्लू लाइनमा डि-एस्केलेसनको आवश्यकताबारे छलफल गर्न संलग्न भए ।

संयुक्त राष्ट्रको नोटले लेबनानमा संयुक्त राष्ट्रको अन्तरिम बलबाट शत्रुताको तत्काल अन्त्यका लागि आह्वान र सुरक्षा परिषद्को प्रस्ताव-१७०१ का लागि प्रतिबद्धता नवीकरण गरेको पनि दोहोऱ्याएको छ । जुन इजरायल र हजबुल्लाह बिचको एक महिनाको घातक युद्धको केही समयपछि शत्रुताको पूर्ण अन्त्यका लागि अगस्ट २००६ मा स्वीकृत गरिएको थियो ।


## शिवपुरी गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शेरावगर, नुवाकोट
बागमती प्रदेश, नेपाल

### शिवपुरी गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

**डेङ्गु रोगको केही प्रमुख लक्षणहरू:**

एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मासपेशी/जोर्नीहरु दुख्ने, वाक वाकी लाग्ने वा वान्ता हुने र आफ्नो दैनिकी खानपानमा रुची नलाग्ने इत्यादी ।



माथि उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस् ।

**डेङ्गुबाट बच्ने/रोकथामका उपायहरु**



- पूरा बाहुला भएको लुगा लगाउने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने झुल लगाउने ।
- घर, कार्यालय एवम् सार्वजनिक ठाउँमा पानी जम्न नदिने ।
- झुलभित्र मात्र सुत्ने ।
- खाल्डाखुल्डी पर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फूलदानी, कुलर आदीको पानी कम्तीमा एक हप्तामा एक पटक फेर्ने ।
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने ।

**तसर्थ लामखुट्टेको टोकाइबाट बच्न नै, डेङ्गुबाट बच्ने एकमात्र उपाय हो ।**



## कतारमा रोजगार | कम्पनी: GOLDEN ARROW CLEANING AND CONTRACTING
शहर : Doha

पूर्व स्वीकृत मितिः २०८१/०३/१० चलानी नं.:६०२२१५३२ LT. No.:306752 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manager Variety | 1 | 0 | सम्बन्धित काममा दक्ष | 5700 | २०८३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 0 | 6 | | 1000 | ३६५६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार २३ गते (7 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1561/079/080

**S.S.K. Manpower Services Pvt. Ltd.**
साबिकः GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Sinamangal 9, Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com



## यूएईमा रोजगार
कम्पनीः BAIT AL DIAFA GENERAL TRADING CO. LLC
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०९/२२ चलानी नंः ६०२१२७४७ LT. No.:297732 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Officer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Supervisor | 5 | 0 | | 2500 | ९०,७२५ | | | | | | | |
| 3. | Telecommunication Assistant | 0 | 3 | | 2000 | ७२,५८० | | | | | | | |
| 4. | Receptionist | 0 | 2 | | 2000 | ७२,५८० | | | | | | | |
| 5. | Cashier | 5 | 0 | | 2200 | ७९,८३८ | | | | | | | |
| 6. | Archivist | 5 | 0 | | 2000 | ७२,५८० | | | | | | | |

कम्पनीः AL FAARA BUILDING MAINT L.L.C शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०१/०३ चलानी नंः ६०२१८३२७ LT. No.: 303419 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 100 | 0 | | 1200 | ४३,५४८ | | | | | | | |
| 3. | Carpenter | 100 | 0 | | 1200 | ४३,५४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

इजाजत नं. ९३४/०६७/०६८

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

मध्यान्ह
www.madhyanhadaily.com
२३ असार २०८१, आइतबार
7 July 2024, Sunday

# बक्स अफिस समाचार

### मिस एण्ड मिसेस ब्युटीफुल नेपाल २०२४

## सञ्जिला र विजयालाई उपाधि



**काठमाडौं/मस–** 'मिस एण्ड मिसेस ब्युटीफुल नेपाल २०२४'को ग्राण्ड फिनाले असार २० गते राष्ट्रिय नाच घर जमल काठमाडौंमा सम्पन्न भएको छ। दक्ष इन्टरनेशनल र राज ब्युटी एकेडेमी एण्ड मेकअप स्टुडियोको आयोजनामा भएको 'मिस ब्युटीफुल नेपाल'को नवौं संस्करण र 'मिसेस ब्युटीफुल नेपाल'को आठौं संस्करण सम्पन्न भएको हो।

सञ्जिला तामाङले मिस ब्युटीफुल र विजया अधिकारीले मिसेस ब्युटीफुलको उपाधि जितेका छन्। प्रतिस्पर्धाबाट मिस ब्युटीफुलतर्फ विपना मल्ल फष्ट रनरअप, ईश्वरी हमाल ठकुरी सेकेण्ड रनरअप र पब्लिक च्वाइस, जेलिना भट्टराई मष्ट पपुलर, सञ्जिला तामाङ मष्ट ट्यालेन्ट घोषित भए।

त्यसैगरी मिसेस ब्युटीफुलतर्फ रमिता बज्राचार्य फष्ट रनरअप, रितु रौनियार सेकेण्ड रनरअप, विजया अधिकारी पब्लिक च्वाइस, मष्ट पपुलरसमेत बनिन्। ग्राण्ड फिनालेमा दुबै समूहका आठ/आठ गरी १६ सहभागीले भाग लिएका थिए।

प्रतिस्पर्धाको जजमा कलाकारहरु सरोज खनाल, यम बराल, सुनिता दुलाल, मञ्जु थापा, बालकृष्ण पोखेल, मनकुमारी पोखेल र निलम गुरुङ रहेका थिए।

कार्यक्रममा सञ्चारकर्मी नवराज बजगाईं, एमेन्टोज पार्टनरका सीईओ डेबिल सिंह राजपुत, मिस ब्युटीफुल नेपाल २०२१ की फस्ट रनरअप मेकअप आर्टिष्ट गीता उप्रेती, मिसेस ब्युटीफुल नेपाल २०२० की विजेता मेकप आटिस्ट उर्मिला भण्डारी, सफल व्यवसायी सिमा नेपाल, मिस ब्युटीफुल नेपाल २०२० की सेकेन्ड रनरअप समाजसेवी अस्मिता भट्ट, मिसेस तामाङ २०२३ की विजेता समाजसेवी सरिता तामाङ, मेकअप आर्टिष्ट राधिका दंगाल, आयुर्वेद चिकित्सा उद्यमी तथा सामाजिक अभियन्ता पर्शुराम चौहान (प्रह्लाद), वरिष्ठ आयुर्वेद चिकित्सक डा. लक्ष्मण पौडेल, फ्लाइटेक इन्टरनेशनल प्रा.लि.का प्रबन्ध निर्देशक शारुक हुसेन, समाजसेवी महिमा पोखरेल, ब्युटीसियन तथा समाजसेवी निकिता पाण्डे, युवा व्यवसायी बलराम कार्की, कलाकर्मी, व्यवसायी तथा समाजसेवी रमेश श्रेष्ठ, मेकअप आर्टिष्ट चाँदनी घिमिरे, मेकअप आर्टिष्ट चित्रकला पौडेल, सौन्दर्यकर्मी अप्सरा हायु र पुर्णायु आयुर्वेद हस्पिटललाई सम्मान गरिएको थियो।

दक्ष इन्टरनेशनलका प्रमुख एवम् कार्यक्रम संयोजकसमेत रहेका मेकअप आर्टिष्ट टेकराज पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा, संगीतकार शम्भुजित बाँस्कोटा, प्रतिनिधि सभा सदस्य ज्ञानेन्द्र शाहीलगायतको आतिथ्यता रहेको थियो।

लामो समयदेखि सौन्दर्यक्षेत्रमा जमेका मेकअप आर्टिष्ट टेकराज पाण्डेको आफ्नो इभेन्ट कम्पनी दक्ष इन्टरनेशनल र राज ब्युटी एकेडेमी एण्ड मेकअप स्टुडियोको आयोजनामा भएको कार्यक्रमको प्रायोजकमा पूर्णयु आयुर्वेद अस्पताल, काबेरी इन होटल, पाकशाला रेस्ट्रो बार र होटल रहेका छन्।

कार्यक्रमको व्यवस्थापकमा सौन्दर्यकर्मी गीता उप्रेती, निर्देशकमा टेकराज पाण्डे, कोरियोग्राफरमा रोशनी चन्दलगायत रहेका थिए।

## 'के-पप वर्ल्ड फेस्टिभल' सम्पन्न




**काठमाडौं/मस–** कोरियन पप संगीतप्रेमीका लागि मनोरञ्जन दिलाउने र कोरियाको आधुनिक संस्कृतिको अनुभूति गराउने उद्देश्यका साथ शनिबार कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा नेपालस्थित गणतन्त्र कोरियाली राजदूतावासको आयोजनामा 'के-पप वर्ल्ड फेस्टिभल' सम्पन्न भएको छ।

सन् २०११ देखि दक्षिण कोरियाको छाङ्वोन शहरमा आयोजना हुने 'के-पप वर्ल्ड फेस्टिभल'लाई लक्षियत गर्दै नेपालमा सन् २०१६ देखि कोरियाली राजदूतावासले के-पप क्षेत्रीय प्रारम्भिक चरणको कार्यक्रम आयोजना गर्ने गरेको छ।

नेपालमा आयोजित समारोहमा प्रमुख अतिथिका रूपमा उपस्थित नेपालस्थित गणतन्त्र कोरियाली राजदूत पार्क ताय-योङले स्वागत मन्तव्यका क्रममा दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं स्वर्ण जयन्तीका अवसरमा के-पपका साथसाथै कोरियाली भाषा, संस्कृतिको माध्यमबाट कोरिया र नेपालबीच जनस्तरको सम्बन्ध मजबुत हुँदै गएको बताए।

उनले भने, 'कोरियाली संस्कृतिप्रति नेपाली जनतामाझमा एक अद्वितीय सद्भाव छ। यहाँ के-पप मात्र नभई भाषा, नाटक र परिकारका लागि पनि ठूलो लगाव छ। कोरियाप्रतिको सद्भाव, कोरियाली भाषा, संस्कृतिप्रतिको सम्मानलाई मध्यनजर गर्दै थप सांस्कृतिक आदानप्रदान तथा जनस्तरको सम्बन्ध विस्तारका लागि दूतावासले विभिन्न सांस्कृतिक कार्यक्रमलाई निरन्तरता दिने योजनामा रहेको छ।'

उनले कोरियाको छाङवोन सहरमा हुने अन्तिम प्रस्तिस्पर्धामा नेपाली समूह सहभागी हुने विश्वास व्यक्त गर्दै शुभकामना दिए। यसवर्ष प्रारम्भिक चरणको छनोट प्रक्रिया अनलाइनमार्फत गत जेठ २३ देखि यही असार ९ गतेसम्म आयोजना गरिएको थियो। जहाँ ३० भन्दा बढी टिमले आफ्नो रोजाइको कोरियन पप संगीतमा तयार गरिएको गायन तथा नृत्यको श्रव्यदृश्य पठाएर प्रतियोगितामा सहभागिता जनाएका थिए। त्यसमध्ये नृत्य समूह, एकल नृत्य, गायनसहित छनोट भएका बाह्र टोलीले शनिबार भएको महोत्सवमा आफ्नो प्रस्तुति दिए।

उनीहरुमध्ये समूह नृत्यतर्फ अरेलिया समूह, गायनतर्फ अञ्जली नेपाली र एकल नृत्यतर्फ सम्राट सुनुवार छनोट भए। छनोट भएकाको प्रस्तुतिको श्रव्यदृश्यलाई अन्तिम मूल्यांकनका लागि कोरिया पठाइने छ। उल्लेखित तीनमध्ये छनोट हुनेले कोरियामा हुने 'के-पप वर्ल्ड फेस्टिभल' आफ्नो प्रस्तुति दिँदै प्रतिस्पर्धा गर्न पाउनेछन्।

पछिल्लो समय सन् २०१६ मा नेपालबाट मंगोलियन नाम्जा नामक नृत्य समूहले उक्त महोत्सवमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेका थिए। नेपाली युवाहरूमा कोरियन पपप्रति देखिएको आकर्षणलाई महत्व दिँदै दक्षिण कोरियाले नेपाली कलाकारलाई यस किसिमका कार्यक्रममा सहभागिता जनाउने अवसर प्रदान गर्दै आएको जनाइएको छ।

नेपाल र दक्षिण कोरियाबीच पछिल्लो समयमा जनस्तरको सम्पर्क बढ्दै जाँदा यस किसिमका सांस्कृतिक कार्यक्रमले महत्वपूर्ण स्थान लिएको र दुई देशबीचको सम्बन्धलाई अझ मजबुत बनाउन सहयोग पुग्ने राजदूतावासले जनाएको छ।

## ढकालको मौलिक घाँसे भाका लोकप्रिय

**काठमाडौं/मस–** गायक राजेश ढकालको मौलिक घाँसे भाकामा सार्वजनिक भएको 'असार १५' बोलको गीत छोटो समयमा डिजिटल बजारमा 'ट्रेन्डिङ'को २७औं स्थानमा रहन सफल भएको छ।

काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका-६ मा जन्मिएका लोकदोहोरी गायक ढकाल दुई दशकदेखि नेपाली लोक सांगीतिक क्षेत्रमा छन्। उनका 'रातो साडी पानबुट्टेचोली हे बैगुनी', 'दुई खोली दोभान', 'घरमाइत', 'नाची देउ छमछमी'लगायत दर्जनौं गीत लोकप्रिय छन्।

गत वर्ष पनि ढकालको असार विशेष मौलिक असारे घाँसे भाकामा 'गैह्री खेतको रोपाइँ' बोलको गीत चर्चामा थियो। 'असार १५' गीतमा गायिकाद्वय प्रतिमा अर्याल र सरु गौतमले साथ दिएका छन्।

गीतमा संयोजन विष्णु तामाङ, मिलन श्रेष्ठको म्युजिक भिडियो निर्देशन र भिडियो सम्पादन रोशन धितालको रहेको छ। सन्कारा डिजिटलमा उक्त गीत सागर पुनले रेकर्ड गरेका हुन् भने कुमार पुनको 'मिक्सिङ' रहेको छ।

## 'घरज्वाइँ'को गीत 'यानीमाया' सार्वजनिक

**काठमाडौं/मस–** फिल्म 'घरज्वाइँ'को दोस्रो गीत सार्वजनिक गरिएको छ। शनिबार युट्युबमार्फत् सार्वजनिक 'यानीमाया' गीतमा मनोज थापा मगरको संगीत तथा स्वर छ। गीतका शब्द हर्क साउदका हुन्। भिडियोमा फिल्मका मुख्य कलाकार अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर फिचर्ड छन्।

गीतमा घरज्वाइँ बस्ने पात्रको मनोभाव र उसले गरेको संघर्षलाई दर्शाइएको छ। फिल्म मगर समुदायमा प्रचलित घरज्वाइँ प्रथामा आधारित छ।

जिएम मूभीज र एबीएम सिनेमा प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मलाई सुसन प्रजापतिले खिचेका हुन्। पूर्वी रुकुम आसपासमा छायाँकन गरिएको फिल्मको कथा पनि निर्देशक अनिल आफैंले लेखेका हुन्। फिल्मको पटकथा तथा संवाद लेखनमा निर्देशन अनिल बुढा मगरलाई विनोद खतिवडा र सुभाष कोइरालाले सघाएका छन्।

फिल्ममा दयाहाङ र मिरुनासहित शिशिर वाङ्देल, कविता आले, भोलाराज सापकोटा, पुष्कर गुरुङ, बुद्धि तामाङ, खड्कबहादुर पुन (खबपु), राज थापा, शिला आले खनाल, अनु थापा, बिना थापा मगर, सोनाम लामा, विवेश बुढा मगर, सुनिल मगर, सुरेश पुनलगायतको पनि अभिनय छ।

**कानेपोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मोरङ, कोशी प्रदेश, नेपाल**

**कानेपोखरी गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश**

**डेङ्गु रोगको केही प्रमुख लक्षणहरू:**

एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मासपेशी/जोर्नीहरु दुख्ने, वाक वाकी लाग्ने वा वान्ता हुने र आफ्नो दैनिकी खानपानमा रुची नलाग्ने इत्यादी।



माथि उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस्।

**डेङ्गुबाट बच्ने/रोकथामका उपायहरु**

- पूरा बाहुला भएको लुगा लगाउने।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने झुल लगाउने।
- घर, कार्यालय एवम् सार्वजनिक ठाउँमा पानी जम्न नदिने।
- झुलभित्र मात्र सुत्ने।
- खाल्डाखुल्डी पर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने।
- गमलाको प्लेट, फूलदानी, कुलर आदीको पानी कम्तीमा एक हप्तामा एक पटक फेर्ने।
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने।



**तसर्थ लामखुट्टेको टोकाइबाट बच्न नै, डेङ्गुबाट बच्ने एकमात्र उपाय हो।**

**सर्टिफिकेट हराएको सूचना**

यहीं मिति २०८१/०२/०२ गते, एयरपोर्टबाट नख्खुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको Bachelor of Medicine and Bachelor of Surgery को स्नातक तहको सकल सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।

नाम : आशिष कुमार चौरसिया
T.U. Reg. No. :४-२-३७०-१८-२०१३
S. No. : २३८९/५९
सम्पर्क : ९८६०७७७५५२

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०३/२३**

**नेपाल मेवार एजुकेशन एण्ड काउन्सिलिङ्ग सेन्टर प्रा.लि.**को मिति २०८१/०३/०४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भिस्क्राफ्ट टेक्नोलोजीज प्रा.लि. (प्रा.लि. नं.: ३१४९५५)** कायम गर्ने गरी मिति २०८१/०३/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **ईमास्को नेपाल प्रा.लि.** इजाजत पत्र न. ११७/०५५/०५६ मा निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | लक्ष्मण खनिया | ४६७८७ | पिआरओ |

**ईमास्को नेपाल प्रा. लि.**
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७७०८, ४३५७७७०८
फ्याक्स नं.: ४३५७७७०८, Mob.: 984319890, 9803140917

**साउदीमा रोजगार |** कम्पनी : MUSI AL SARHANI FARM
शहर : Sakaka

पूर्व स्वीकृत मिति: २०८१/०३/२१ चलानी नं.: ६०२२१९६५ L.T. No.: 307234

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labor | 3 | 0 | सम्बन्धित कामामा दक्ष | 1000 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Engineering Planning Contracting Est कम्पनी : RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०८/१४ चलानी नं.: ६०२१०९१७ L.T. No.: 295612 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Labor | 2 | 0 | सम्बन्धित कामामा दक्ष | 1000 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | office And Facility Cleaning Labor | 4 | 0 | | 1000 | ३५,५३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

**UAE मा रोजगार |** कम्पनी : NESTO MANAGEMENT OFFICE
शहर: UAE,AJMAN

पूर्व स्वीकृत मिति: २०७९/१०/०४ चलानी नं.: ६०१९५२१७ L.T. No.: 279657 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall & Market Salesperson | 46 | 3 | सम्बन्धित कामामा दक्ष | 1200 | ४३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Helper | 50 | 0 | | 1000 | ३६,५५० | | | | | | | |
| 3. | Bottle Washer | 10 | 0 | | 1000 | ३६,५५० | | | | | | | |
| 4. | Bakery Worker | 10 | 0 | | 1000 | ३६,५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : KESHRI TIME RESTAURANT CO.WLL शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०३/२१ चलानी नं.: ६०२२१९६६ LT. No.: 307286

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef Assistant. | 1 | 0 | सम्बन्धित कामामा दक्ष | 130 | ५६,६०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 0 | 2 | | 130 | ५६,६०३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4542876, 4538339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

**कुबेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: AL MUBARAKIYA MEAT CO. शहर: Kuwait
पुर्व स्वीकृत मिति: २०८१/०३/२१ चलानी नं.: ६०२२१९६१ LT. No. 307204

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Product Packing Worker | 10 | 0 | स. काममा दक्ष | 100 | ४३,५४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
श्रम इजाजत नं. ११३६/०७३/०७४
Tara Hall chowk, Sinamangal. Kathmanud, Tel: 014590678, 014592910, 9808046424, 9801797200, Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, Web.: www.deepjyotimanpower.com.np

# एसिया कप खेल्ने नेपाली महिला टोलीको बिदाइ



**काठमाडौं/मस–** नेपाल क्रिकेट संघ (क्यान)ले श्रीलंकामा आयोजना हुने एसीसी महिला एसिया कप क्रिकेट प्रतियोगिता खेल्न जाने टोलीलाई बिदाइ गरेको छ । राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ, क्यानका सचिव पारस खड्कालगायतले शनिबार टोलीलाई बिदाइ गरेका हुन् ।

एसियाली क्रिकेट काउन्सिल (एसीसी)को आयोजनामा महिला एसिया कप जुलाई १९ देखि २८ सम्म श्रीलंकामा हुँदैछ । प्रतियोगिताको उद्घाटन खेलमा नेपालले यूएईसँग प्रतिस्पर्धा गर्ने तालिका रहेको छ । एसीसीले सार्वजनिक गरेको संशोधित खेल तालिकाअनुसार जुलाई १९ मा उद्घाटन खेलमा नेपाल र यूएई खेल्नेछन् ।

समूह ए मा रहेको नेपालले पाकिस्तानविरुद्ध जुलाई २१ मा खेल्नेछ भने भारतविरुद्ध जुलाई २३ मा प्रतिस्पर्धा गर्नेछ । समूह बी मा बंगलादेश, श्रीलंका, मलेसिया र थाइल्याण्ड रहेका छन् । प्रत्येक समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् ।

एसिया कपमा सहभागी हुनुअघि नेपाली टोलीले ३ अभ्यास खेलहरु खेल्नेछ । नेपाली टोलीले श्रीलंका विकास टोलीविरुद्ध जुलाई ९, १० र १६ मा ३ खेल खेल्ने क्यानले जानकारी दिएको छ ।

बिदाइ कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव घिसिङले अहिलेको अवसरलाई उचित सदुपयोग गर्नुपर्ने बताए । उनले कमीकमजोरीलाई सुधार गर्दै आगामी दिनमा उत्कृष्ट क्रिकेट खेल्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा क्यानका सचिव पारस खड्काले महिला क्रिकेट टिमको प्रदर्शनलाई लिएर सबैमा चासो रहेको बताए । महिला क्रिकेट टिम पहिल्यैदेखि प्राथमिकतामा पर्नुपर्ने भएपनि प्राथमिकतामा राख्न सबै चुकको उनले बताए । उनले महिला क्रिकेटलाई धेरै दबाब नरहेको भएपनि अवसरका रूपमा लिएर उत्कृष्ट नतिजा निकाल्न आग्रह गरे ।

कार्यक्रममा महिला क्रिकेट टिमकी कप्तान इन्दु बर्माले अभ्यास राम्रो गरेको भन्दै नतिजा पनि राम्रो आउनेमा आफू आशावादी रहेको बताइन् । उनले टिम राम्रो रहेको र उच्च मनोबल रहेकाले राम्रो नतिजा ल्याउने प्रतिबद्धता जनाइन् ।

कार्यक्रममा क्रिकेटर सन्दीप लामिछानेले खेलाडीहरूले कुनै पनि आफ्नो सपना पूरा गर्ने माध्यम खेललाई बनाउनुपर्ने बताए । यस्ता खेलले आत्मविश्वास बढाउने र अनुभव बटुल्ने अवसर हुने बताए । उनले कुनै पनि सपना पूरा गर्नुपूर्व त्यसको लागि अभ्यास जारी राख्नु नै ठूलो कुरा भएको बताए । उनले आफूभित्र भएको क्षमतालाई बाहिर ल्याउने गरी खेल्न सुझाव दिए ।

गत फेब्रुअरीमा भएको एसीसी वुमन्स प्रिमियर कपको सेमिफाइनलमा मलेसियासँग पराजित भएको नेपाल एसिया कपमा स्थान पाउनबाट वञ्चित भएको थियो । प्रिमियर कपमा फाइनल खेलेका दुई टोली यूएई र मलेसिया सिधै एसिया कपमा प्रवेश गरेका थिए । तर एसीसीले आठ टोलीको प्रतियोगिता बनाएर थाइल्याण्ड र नेपाललाई प्रतियोगितामा समावेश गराएको हो ।

# सगरमाथालाई एम्पुटी फुटबल उपाधि




**काठमाडौं/मस–** सगरमाथाले पारा तथा विशेष खेलकुदअन्तर्गत एम्पुटी पुरुष फुटबल प्रतियोगिताको उपाधि शनिबार जितेको छ । च्यासलस्थित नेसनल स्पोर्ट्स सेन्टरमा भएको फाइनलमा सगरमाथाले नेपाल आर्मीलाई टाइब्रेकरमा ५-३ गोलले पराजित गऱ्यो । निर्धारित समयको खेल गोलरहित बराबरीमा टुंगिएको थियो । आर्मीबाट पेरिस पारालिम्पिकमा नेपालबाट पौडीमा सहभागिता जनाउने भीमबहादुर कुमालले पनि खेलेका थिए ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजना तथा एम्पुटी खेलकुद समाज, नेपालको व्यवस्थापनमा भएको प्रतियोगितामा पिस युनाइटेड तेस्रो भयो । पिस युनाइटेडले राइजिङ युथलाई ३-१ गोलले हरायो ।

आर्मीका प्रकाश बस्नेत उत्कृष्ट खेलाडी तथा सगरमाथाका विकाससिंह महतरा उत्कृष्ट गोलरक्षक घोषित भए । विजेतालाई राखेपकी सदस्य एवं प्रतियोगिता संयोजक पेमा डोल्मा लामा र एम्पुटी खेलकुद समाज, नेपालका अध्यक्ष मदनमान सिंह रोकायाले एक कार्यक्रमबीच पुरस्कृत गरे । दुईदिने प्रतियोगितामा ४ टिमले प्रतिस्पर्धा गरेका थिए ।

# प्रदेशस्तरीय टेनिस सम्पन्न, फाइनल खेल वर्षाले प्रभावित




**पोखरा/मस–** गण्डकी प्रदेशस्तरीय टेनिस प्रतियोगिता सम्पन्न भएको छ । यही असार १९ गतेबाट शुरु भएको प्रतियोगिता शनिबार सम्पन्न भएको हो । प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश टेनिस संघको व्यवस्थापनमा सम्पन्न प्रतियोगिताको पुरुष सिंगल्स फाइनल खेल भने शनिबार दिनभरि पोखरामा भएको वर्षाका कारण प्रभावित भएको छ । वर्षाले प्रभावित भएसँगै आयोजकले अन्तर्राष्ट्रिय टेनिस महासंघको नियमानुसार फाइनलमा पुगेका खेलाडीहरुलाई विजेता घोषणा गरेको छ ।

प्रदेशस्तरीय टेनिस पुरुष सिंगल्सको फाइनलमा नेपाल नं १ वरीयता खेलाडी प्रदीप खड्का र नेहालजंग बहादुर थापा पुगेका थिए । आयोजकले दुवै खेलाडीहरुलाई विजेता मान्दै पुरस्कृत गरेको गण्डकी प्रदेश टेनिस संघका अध्यक्ष विनोद कायस्थले जनाएका छन् । उनले भने, 'हामी बिहान ७ बजेबाट नै तयार भएर बसेका थियौं । तर वर्षाले खेल प्रभावित हुन पुग्यो । अन्ततः हामीले अन्तर्राष्ट्रिय टेनिस महासंघको नियमानुसार दुबैलाई बिजेता मान्दै पुरस्कृत गरेका हौं ।'

विजेता बनेका दुवै खेलाडी पुरस्कार वापतको रकम जनही रु २२ हजार ५ सयका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । त्यस्तै पुरुष सिंगल्सतर्फ शास्वत बज्रचार्य र अनिल साई तेस्रो भए । उनीहरुले जनही नगद रु ३ हजार ७ सय ५० का साथमा मेडल र प्रमाणपत्र प्राप्त गरे ।

यता महिला सिंगल्सतर्फ प्रिती बराल पहिलो भइन् । उनले नगद रु १५ हजार प्राप्त गरिन् । त्यस्तै आरुषी शेरचन दोस्रो भइ नगद ७ हजार ५ सय तथा आहना शेरचन र ग्रिष्मा गुरुङ तेस्रो स्थान प्राप्त गर्दै जनही नगद रु ३ हजार ७ सय ५० का साथमा मेडल तथा प्रमाणपत्र हात पारेका छन् ।

यता पुरुष डबल्सतर्फ प्रदीप खडका र अनिल साईको जोडी पहिलो भएको छ । उनीहरुले निहाल जंगबहादुर थापा र दर्शिल श्रेष्ठको जोडीलाई पराजित गरेका थिए । प्रदीपले र अनिलको जोडीले नगद रु २० हजार तथा उपविजेता बनेको निहाल र दर्शिलले नगद रु १० हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गरे ।

विजेता खेलाडीहरुलाई प्रदेश खेलकुदका सदस्य केशव पाठक, गण्डकी प्रदेश टेनिस संघका उपाध्यक्षद्वय लोकबहादुर गुरुङ र विष्णुबहादुर थापा, महासचिव नविन चालिसे, कास्की टेनिसका सचिव एवम् टुर्नामेन्ट डाइरेक्टर नविन श्रेष्ठलगायतले नगद, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए ।

कार्यक्रम गण्डकी टेनिसका अध्यक्ष बिनोद कायस्थको अध्यक्षतामा भएको थियो । प्रतियोगितामा महिलातर्फ ८ र पुरुषतर्फ १६ गरी २४ खेलाडीहरुको सहभागिता रहेको थियो ।

# संस्कार र इनुशालाई स्वर्ण



**काठमाडौं/मस–** संस्कार श्रेष्ठ र इनुशा आचार्यले पारा तथा विशेष खेलकुदअन्तर्गत राष्ट्रिय बहिरा तथा दृष्टिविहीन पारा जुडोमा शनिबार स्वर्ण जितेका छन् । बहिरातर्फ २०-२५ केजी तौलसमूहको पुरुषमा संस्कार र महिलामा इनुशाले स्वर्ण जितेका हुन् ।

बहिरातर्फ नै महिला ३०-३५ केजीमा अञ्जली तामाङ, ३५-४० केजीमा निताकुमारी यादव, ४०-४५ केजीमा आरती शाह, ४५-५० केजीमा विपना पुन, ५०-५५ केजीमा सुष्मा थापा र ५५ केजीमाथि प्रेरणा विकले स्वर्ण जिते । पुरुष ५० केजीमा क्षितिज ठगुन्ना र ५५ केजीमा ऋषिमणि शर्मा पहिलो स्थान हात पारे ।त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा भएको प्रतियोगिताको दृष्टिविहीनतर्फ पुरुष १९-२५ केजीमा सार्थक तामाङ, २६-३२ केजीमा जीवन जैशी, ४०-४५ केजीमा अभिकराज वज्राचार्य र ६०-६५ केजीमा गिल्याक ग्याल्सनले पहिलो स्थान हात पारे ।

विजेतालाई राखेपकी सदस्य अञ्जना श्रेष्ठ, नेपाल बहिरा तथा दृष्टिविहीन पारा जुडो संघका अध्यक्ष रमेश महर्जन, वरिष्ठ उपाध्यक्ष धर्मकुमार श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । सो अवसरमा पेरिस ओलम्पिक- २०२४ को जुडोमा नेपालको प्रतिनिधित्व गर्ने खेलाडी मनीता श्रेष्ठ प्रधानलाई सम्मान गरिएको थियो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजना तथा नेपाल बहिरा तथा दृष्टिविहीन पारा जुडो संघको व्यवस्थापनमा भएको प्रतियोगिताको बहिरातर्फ ३४ खेलाडीले १० स्वर्ण तथा दृष्टिविहीनतर्फ १८ खेलाडीले ५ स्वर्णका लागि प्रतिस्पर्धा गरेका थिए ।

# लोकराज र सागर पहिलो




**काठमाडौं/मस–** लोकराज शाही र सागर ढकालले पारा तथा विशेष खेलकुदअन्तर्गत पारा साइक्लिङ प्रतियोगितामा शनिबार स्वर्ण जितेका छन् । एम्पुटीमा लोकराज तथा होचा/पुड्कामा सागर पहिलो भएका हुन् ।

बूढानीलकण्ठमा भएको प्रतियोगिताको एम्पुटीमा गोपाल मोक्तानले रजत तथा वीरेन्द्र मुसरले कांस्य जिते । होचा/पुड्कामा श्यामकुमार पण्डित क्षेत्रीले रजत तथा लालबहादुर खत्रीले कांस्य हात पारे ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजना तथा नेपाल पारा साइक्लिङ संघको व्यवस्थापनमा भएको प्रतियोगितामा २ स्पर्धामा ३१ खेलाडी सहभागी थिए । पुरुष/महिला सम्मिलित दुवै स्पर्धामा खेलाडीले ३.५ किलोमिटर दुरीमा प्रतिस्पर्धा गरेका थिए ।

विजेतालाई राखेपकी सदस्य एवम् प्रतियोगिता संयोजक पेमा डोल्मा लामा, आयोजक संघका अध्यक्ष प्रकाश चिलुवाललगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRAL FOOD SERVICES W.L.L — शहर: DOHA
पुर्व स्वीकृत मितिः २०८०/०६/१२ — चलानी नं.: ६०२०८३८३ — L.T. No.: 293280 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receiptionst | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2500 | ९१,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 0 | 6 | | 1500 | ५४,८४० | | | | | | | |
| 3. | Gen Clean Worker | 0 | 10 | | 1000 | ३६,५६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ ।

यसै कम्पनीको लागि F&B Supervisor Male/ Female and Cook को पनि माग भई आएकोले निःशुल्क परामर्शको लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.
SUN HILLS
Gov.Lic. No. 818/066/067
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोनः ०१-५९०४०५८
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com
Mobile :9851343472,9813737367,9851343372



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AMASI AL-WATAN ESTABLISHMENT FOR WHOLESALE AND RETAIL TRADE — शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०३/२१ — चलानी नं.: ६०२२१९६३ — L.T. No.: 307238

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AL JAZEERA OVERSEAS PVT. LTD.
Govt. Lic. No. 1343/074/075
Samakhusi, Kathmandu, Nepal, Tel: 4970605,4952379, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np



## KUWAIT मा रोजगार

कम्पनी : BLANCHE BEAUTY SALON COMPANY FOR LADIES — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/१२/०८ — चलानी नं.: ६०१९८५३३ — LT. No.: 283083 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 4 | सम्बन्धित काममा दक्ष | 140 | ६०,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicure & Pedicure | 0 | 4 | | 140 | ६०,९४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

लिभरपुल एच. आर. शोलुशन प्रा. लि.
Liverpool H.R. Solution Pvt. Ltd.
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851013724, 9851149144
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५

# साधारण खर्च कटौती नभए विकासको काम हुँदैन

सरकारले काम गरेको रकम नदिएपछि निर्माण क्षेत्रका व्यवसायी समस्यामा परेको बताएका छन् । विगत ५ वर्ष यता निर्माण क्षेत्रमा काम गर्ने व्यवसायीको रकम भुक्तानमा राज्यले आनाकानी गरेको कारण समस्या देखिएको व्यवसायीहरुको भनाइ छ । आर्थिक वर्ष २०८०/८१ सम्मको अन्त्यसम्ममा राज्यबाट ६० अर्ब रुपैयाँ भुक्तानी हुन बाँकी रहेको उनीहरुले दाबी गरेका छन् । निर्माण व्यवसायीले काम गरेको रकम नपाउँदा सप्लाई चेन नै बिग्रिएको बताउँछन् । निर्माण व्यवसायीसँग जोडिएका समसामयिक सन्दर्भमा निर्माण व्यवसायी महासंघका अध्यक्ष **रवि सिंह**सँग मध्यान्हका **छबि सापकोटा**ले कुराकानी गरेका छन् ।



**रवि सिंह**
अध्यक्ष, निर्माण व्यवसायी महासंघ

**निर्माण व्यवसायीले भुक्तानी पाउने विषयमा समस्या देखिएको हो ?**

जब काम गरेको पैसा आउँदैन् तब निर्माण व्यवसायी मानसिक समस्याबाट ग्रुजिन पर्ने हुन्छ । बैंकदेखि श्रमिकलाई समेत पैसा दिन नसक्दा कस्तो समस्यै समस्या छ । निर्माण क्षेत्रमा काम गर्ने ठग हुन्छन् भन्ने धारणा बन्न थालेको छ । समाजमा नै अपमानित हुनु परेको छ । काम गर्ने मानिसलाई राज्यले नै अपमानित हुने वातावरण बनाइरहेको छ । व्यवसायीहरुलाई कालोसूचीमा राख्ने काम भएको छ । यही असार १५ सरकारी कार्यालयबाट भुक्तानी नपाएकै कारण डडेलधुराका निर्माण व्यवसायीले आत्महत्या नै गरे । यसको जिम्मेवारी कसले लिने ? त्यसैले काम गरेपछि भुक्तानी नहुँदा हजारौं व्यवसायीहरु अहिले तनावको स्थितिमा छौं ।

**निर्माण व्यवसायीलाई राज्यले कति रकम भुक्तानी गरेको छैन ?**

सार्वजनिक खरिद नियमावलीको १३औं संशोधन भए पश्चात् ठेक्काको म्याद थप भएपछि राज्यले निर्माण व्यवसायीलाई करीब ४० अर्ब रुपैयाँ भुक्तानी गर्नुपर्ने देखिन्छ । त्यस्तै चालु आयोजनाहरुको निर्माण कार्यहरुमा बजेट अपुग तथा निकासा नभएको कारण लामो समय अघिदेखि करीब २० अर्ब रुपैयाँ बाँकी छ । यसरी हेर्दा राज्यबाट ६० अर्ब रुपैयाँ रकम व्यवसायीले पाउन बाँकी रहेको देखिन्छ ।

यति ठूलो रकम राज्यले निकासा नगर्दा निर्माण व्यवसायीको मात्र नभएर देशकै सप्लाई चेनमै समस्या आएको छ । असार १४ गते यता भुक्तानी सम्बन्धी कुनै पनि फाइल अगाडि नबढ्दा आर्थिक वर्षको अन्त्यमा केही हुन्छ भनेर कुरेर बसेका व्यवसायी निराश बनेका छन् । त्यसैले समस्या समाधानका लागि आवश्यक बजेट रकमान्तर गरेर भएपनि निर्माण क्षेत्रको भुक्तानी नभए निर्माण क्षेत्र संकटमा जान्छ ।

**भुक्तानी रोकिँदा कस्ता समस्या भोग्नु परिहरेको छ ?**

निर्माण क्षेत्रको काम पैसा बिना सम्भव छैन । दैनिक मजदुरी गर्नेदेखि आवश्यक सामग्रीको लागि अग्रिम रकम दिनु पर्ने हुन्छ । व्यवसायीले घरखेत धितो राखेर काम गर्नु पर्ने अवस्था छ । निर्माण सकेपछि सबै तिर मिलाउने भनेर काम गरिहेका हुन्छन् व्यवसायीहरुले । तर यहाँ काम गरेको रकम समेत नपाउँदा समस्या भोग्नु परेको छ ।

व्यवसायीहरुको रकम अहिलेसम्म भुक्तानी नहुँदा सार्वजनिक निकायहरुले ठेक्का अन्त्य गर्दै बैंक जमानत दाबी गरी व्यवसायीहरुको जायजेथा तथा सम्पत्ति लिलाम समेत गर्ने काम भएरहेको छ । निर्माण व्यवसायीहरु आर्थिक रुपमा दिनप्रति दिन धराशायी भइरहेका छन । भुक्तानीका कारण समस्या बढ्दै गएको अवस्थामा निर्माण उद्योगको भुक्तानी सम्बन्धी समस्यालाई स्थायी रुपमा समाधान गर्नका लागि सरकारले पहल गर्नुपर्छ ।

**निर्माण व्यवसायीको समस्याको समाधान अब कसरी हुन्छ ?**

व्यवसायीहरुको रकम भुक्तान नभएसम्म नयाँ टेण्डरहरु निकाल्नु हुँदैन । बजेट सुनिश्चितता नभएका, भुक्तानी लगायतका समस्याले पूरा हुन नसकेका ठेक्काहरु कानून बमोजिम समस्या समाधान गनुपर्ने देखिन्छ । भुक्तानी अभावका कारण निर्माण उद्योग अस्तव्यस्त हुँदा सरोकारवाला निकायले केही एक्सन लिन आवश्यक छ । भुक्तानीको समस्या समाधान नहुँदा सरकारको विकास निमार्णको काम समेत रोकिने देखिन्छ । अर्थतन्त्र चलायमन भइरहेको छैन् । पुँजीगत खर्च कम हुँदा अर्थतन्त्रको चेन मै समस्या सृजना भएको छ । त्यसैले इमान्दार भएर अहिले देखिएको समस्या समाधान गर्न लाग्नुपर्छ । सरकारले रकमान्तर गरेर रोकिएको भुक्तानी तत्काल रिलिज गर्नुपर्छ ।

**अस्थिर सरकार भएको कारणले निर्माण क्षेत्रमा समस्या देखिएको हो ?**

सरकार अस्थिर भएकै कारणले निर्माण क्षेत्रले जहिल्यै समस्या भ्mोलिरहेको हो । २०७६ सालदेखि निमार्णको उद्योगले समस्या भोग्दै आएका छन् । सार्वजनिक नियमावलीको छैठौं संशोधनले गर्दा नै समस्या भएको हो । अहिले १३औं संशोधनपछि दुई हजार भन्दा बढी कम्पनीको म्याद थप भएको छ तर, बजेट नभएकै कारण समस्या बढ्दै गएको छ । अर्को सत्तामा हुने शक्तिशालीको प्रभावका योजना जाने तर, सत्ताबाट बाहिरएपछि योजनाहरु लथालिंग हुने परिपाटी छ । योजनाहरु राष्ट्रिय योजना आयोगबाट बन्नु पर्‍यो । अहिले सक्षम योजना आयोग छैन भने सक्षम आयोग बनाउनु पर्‍यो । योजनाबाट भन्दा पनि खल्तिबाट ल्याउने परिपाटीको अन्त्य भएन भने यस्ता समस्या निरन्तर हुनेछन् ।

आफूले सम्झौता गरेको कामको भुक्तानी गराउने जिम्मेवारी सम्बन्धित नियकायको पनि हो । तर त्यता ध्यान कहिल्यै पुग्दैन । निर्माण उद्योग र निजी क्षेत्र प्रभावित हुँदा अर्थतन्त्रकै चक्र नै प्रभावित भएको छ । अहिले निर्माण क्षेत्रका २४ हजार व्यवसायी छन् । तर, मुस्किलले २ हजार व्यवसायीले मात्र काम पाइरहेको अवस्था छ । अर्को समस्या भनेको स्थानीय निकायले लाइसेन्स दिँदा समेत समस्या थपिएको छ । काम गर्न नसक्नेले ठेक्का लिने, कम रेटमा ठेक्का लिएर अलपत्र पार्ने समस्या बढ्दै छन् । यो वर्ष भुक्तानीको समस्या स्थानीय, प्रदेश सरकार भन्दापनि संघीय सरकारबाट धेरै छन् । अर्को समस्या भनेको ५, १०, १५ बेडको अस्पताल निर्माण भुक्तानी नहुँदा समस्या भएको हो ।

**अन्त्यमा, नयाँ बन्दै गरेको राजनीतिक समीकरणलाई तपाईंहरुले कसरी हेर्नुभएको छ ?**

अब दुई ठूला राष्ट्रिय दल मिलेर सरकार बनाउने भन्ने छ । हामीले विगतदेखि नै सरकारको स्थिरता अपेक्षा गरेका छौं । अब बन्ने सरकारले पारदर्शी र भष्ट्रचारलाई नियन्त्रण गर्न सक्नुपर्छ । जतिपनि योजनाहरु छन् ती योजनाहरुको पुन मुल्यांकन होस् । जुन योजना कार्यान्यवयन योग्य छैनन् । जुन योजना बनाउँदा मुलुकलाई फाइदा हुँदैन ती योजना खारेज गर्नुपर्छ । यस्तै जतिपनि योजना छन् ती सम्पन्न नभएरसम्म अन्य योजना दिने काम बन्द गर्ने हो भने मात्र विकास निर्माणको कामले समेत गति लिन सक्छ ।

यो वा त्यो कारणले निर्माण व्यवसायीलाई भुक्तानी रोक्ने काम बन्द हुन आवश्यक छ । अर्को भनेको साधारण खर्चमा व्यापक कटौती नभएसम्म अब विकास निर्माणको काम हुँदैन् । अहिले भइरहेको साधारण खर्च साढे १२ खर्ब छ । वित्तीय व्यवस्थापनमा समेत तीन खर्ब खर्च छ । अब देशमा कसरी विकास निर्माण हुन्छ । साधारण खर्चलाई घटाएर १० खर्बमा ल्याउन आवश्यक छ भने पुँजीगत खर्च कुल बजेटको ३० प्रतिशत गर्नैपर्छ । विकासमा खर्च बढ्ने हो भने सरकारले लिएको आर्थिक विकास र आर्थिक वृद्धिदर सम्भव देखिदैन् ।

## कृषि कर्जाको अनुदान दुरुपयोग भएको छैन : गभर्नर अधिकारी



**काठमाडौं/मस –** नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदानको रकम दुरुपयोग नभएको स्पष्ट गरेका छन् । आज यहाँ आयोजित साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको २३औं वार्षिकोत्सव कार्यक्रममा गभर्नर अधिकारीले कृषि कर्जाको ब्याजदरमा दिइएको हालसम्मको अनुदान विश्लेषण गर्दा त्यसमा दुरुपयोग नदेखिएको बताए । केही व्यक्तिबाट दुरुपयोग भएको देखिएकामा असुल प्रक्रिया पनि प्रारम्भ भइसकेको उनले बताए ।

'कृषि कर्जाको अनुदान दुरुपयोग भएको भन्ने सतही कुरा हुन् । यो सफल कार्यक्रम देखिएको छ र अनुदानको प्रभावकारिता राम्रो छ', गभर्नर अधिकारीले भने, 'हाम्रो अध्ययनका क्रममा निकै सानो संख्यामा मात्रै यस्तो कर्जा दुरुपयोग भएको देखिएको छ । यसलाई असुल गर्ने प्रक्रिया पनि अघि बढिरहेको छ ।' सरकारको योजनाअनुसार अर्थ मन्त्रालयले युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गर्ने ब्याज अनुदानसम्बन्धी कार्यविधि तयार पारेर कार्यविधिअनुसार नै अनुदान उपलब्ध गराइएको गभर्नर अधिकारीले दाबी गरे । हालसम्म एक लाख २६ हजार ऋणीले कृषि कर्जामा अनुदान पाएको जनाउँदै त्यस्तो अनुदान पाउने अधिकांश महिला तथा साना किसान रहेका उनले बताए । यो कार्यक्रम विवादमा परेपछि २०७९ असोज यता अनुदान नदिइएको उनले स्पष्ट पारे ।

उद्यमशीलता विकास एवं रोजगारी सिर्जना र वित्तीय पहुँच तथा साक्षारता विस्तारका लागि साना किसान विकास लघुवित्त र साना किसान सहकारीले महत्वपूर्ण भूमिका खेलेको पनि गभर्नर अधिकारीले बताए । पछिल्लो समय सहकारी क्षेत्रमा समस्या देखिन थाले पनि साना किसान सहकारी संस्थाहरुमा भने यस्तो समस्या नआएको उनको भनाइ छ । विगतमा कृषि कर्मलाई हेला गर्ने समाजले अहिले सम्मान गर्ने अवस्था आएको पनि गभर्नर अधिकारीले उल्लेख गरे ।

राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले कृषि कर्जामा दिइएको अनुदानको दुरुपयोग भएको धारणा राखेका थिए । नीतिगत स्थायित्वको अभावमा निजी क्षेत्रको मनोबल खस्किँदै गएकाले उनीहरुले लगानी गर्न नचाहेको उनले बताए । साना किसान विकास लघुवित्तका प्रमुख कार्यकारी अधिकृत शिवरामप्रसाद कोइरालाले सरल कर्जा प्रवाहमार्फत् युवा उद्यमशीलता विकास, समावेशी वित्तीय पहुँच विस्तारमा संस्थाले महत्वपूर्ण भूमिका खेलेको बताए । 'यस लघुवित्तले साना किसान कृषि सहकारीमार्फत् कर्जा प्रवाह गर्ने भएकाले उद्यमशीलता विकास र रोजगारी सिर्जना गरी आन्तरिक उत्पादनमा योगदान पुगेको छ', उनले भने ।

साना किसान लघुवित्तबाट कर्जा पाएकामध्ये ७९ प्रतिशतभन्दा बढी महिला रहेको बताउँदै कार्यकारी अधिकृत कोइरालाले देशभरका पाँच सय ५० स्थानीय तहमा साना किसान लघुवित्तको सेवा पुगिसकेको जानकारी दिए । हाल साना किसानले ११ लाखभन्दा बढी परिवारका ४५ लाख जनसंख्यालाई सेवा दिइरहेको उनले बताए । कृषि प्रविधि सिक्ने युवालाई इजरायल पठाइएको भन्दै उनीहरु स्वदेश फर्किएर कृषि कर्ममा लागेका लघुवित्तका प्रमुख कार्यकारी अधिकृत कोइरालाले जानकारी दिए । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटी) बाट कृषि तथा भेटनरी पढ्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइएको, किसानलाई भारतसहित विभिन्न देशमा अवलोकन भ्रमणलगायत विविध क्रियाकलापमा सहभागी गराइएको उनको भनाइ छ ।

एसियाली विकास बैंकबाट कर्जा लिएर लघुवित्तले ग्रामीण उद्यम कर्जा (आरईएफ) सञ्चालन गरेको कार्यकारी अधिकृत कोइरालाले जानकारी दिए । साना किसान, विपन्न तथा पछाडि परेका समुदाय, महिला, सीमान्तकृत वर्गका लागि सरल र सहज कर्जा उपलब्ध गराइरहेकाले साना किसान लघुवित्तबाट सञ्चालित कामको नतिजा प्रभावकारी देखिएको उनको दाबी छ ।

## गण्डकी प्रदेशमा अझै पूरा भएन विद्युत सेवाको लक्ष्य

**गण्डकी/मस –** विसं २०७४ मा गठित गण्डकी प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रमा प्रदेशका सबै घरमा विद्युत सेवा पुर्‍याउने निर्णय गरेको थियो । घोषणा भएको सात वर्ष बितिसक्दा पनि प्रदेश सरकारको उक्त लक्ष्य पूरा हुन सकेको छैन । प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति, कार्यक्रम तथा बजेटमा पनि 'उज्यालो गण्डकी' घोषणा गरिएको छ । आधारभूत विद्युत सुविधामा सबै नागरिकको पहुँच सुनिश्चितताका लागि 'उज्यालो गण्डकी' अभियान सञ्चालन गरिने उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ ।

प्रदेशमा शून्य दशमलव पाँच प्रतिशत घरधुरी अझै बिजुलीको पहुँचबाहिर रहेको पाइएपछि उक्त लक्ष्यलाई आगामी आवको बजेटमा पनि निरन्तरता दिइएको मन्त्रालयको ऊर्जा शाखा प्रमुख इञ्जिनियर जीवन श्रेष्ठले बताए । नवलपुरको बौंदीकाली, बुलिङटार र तनहुँको देवघाट क्षेत्रमा विद्युत सेवा विस्तारको काम बाँकी रहेको उनले जानकारी दिए ।

'नवलपुरमा विद्युतीकरणका लागि नेपाल विद्युत प्राधिकरणले जिम्मा लिएको छ, प्रदेशले बजेट पनि उपलब्ध गराइसकेको छ', इञ्जिनियर श्रेष्ठले भने, 'प्राधिकरणले काममा ढिलाइ गरेकाले चालु आवमा 'उज्यालो गण्डकी' घोषणा हुन सकेन, तनहुँमा पनि प्राधिकरणले आफ्नै आयोजनाबाट तीन सय ७० घरमा विद्युत सेवा पुर्‍याउन बाँकी छ ।' आगामी भदौभित्र दुवै जिल्लामा बाँकी रहेका घरधुरीमा विद्युत सुविधाको पहुँच सुनिश्चितता भएपछि उज्यालो गण्डकी घोषणा गरिने उर्जा शाखा प्रमुख श्रेष्ठले बताए । मन्त्रालयको तथ्यांकअनुसार ९९ दशमलव ५० घरमा विद्युत सेवा पुगेको छ । छुटेका घरमा बिजुली पुर्‍याएर 'उज्यालो गण्डकी' घोषणा गर्ने तयारीमा प्रदेश सरकार रहेको उनले जानकारी दिए ।

वर्षेनी सरकारको नीति, कार्यक्रम र बजेटमा समेटिँदै आएको 'उज्यालो गण्डकी' को लक्ष्य आगामी आवभित्रमा हासिल हुने मन्त्रालयले जनाएको छ ।


### विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार २५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने विज्ञापन एजेन्सी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com







प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**